# स्थानीय निकाय

# लैङ्गिक बजेट परीक्षण निर्देशिका

# २०६४

(नमूना)

नेपाल सरकार

स्थानीय विकास मन्त्रालय

श्रीमहल, पुल्चोक

# विषयसूची


| क. सं | विषय | पृष्ठ संख्या |
|---|---|---|
| भूमिका | | |

परिच्छेद १

प्रारम्भिक

| | | |
|---|---|---|
| १.१ | परिचय | १ |
| १.२ | संक्षिप्त नाम र प्रारम्भ | २ |
| १.३ | परिभाषा | २ |

परिच्छेद २

उद्देश्य र कार्यक्षेत्र

| | | |
|---|---|---|
| २.१ | उद्देश्य | ३ |
| २.२ | कार्यक्षेत्र | ३ |

परिच्छेद ३

लैङ्गिक नीति निर्माण तथा कार्यान्वयन

| | | |
|---|---|---|
| ३.१ | लैङ्गिक नीति निर्माण | ५ |
| ३.२ | अनुगमन तथा मूल्याङ्कन | ७ |
| ३.३ | सूचनामा पहुँच | ७ |
| ३.४ | प्राविधिक परामर्श तथा विशेषज्ञ सेवा | ७ |

परिच्छेद ४

मूलप्रवाहीकरण र समन्वय

| | | |
|---|---|---|
| ४.१ | मूलप्रवाहीकरण | ८ |
| ४.२ | लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धी कानूनी एवं नीतिगत व्यवस्था | ९ |
| ४.३ | समन्वय | ९ |
| ४.४ | लैङ्गिक सम्पर्क व्यक्ति | १० |

परिच्छेद ५

## अभिलेख तथा प्रतिवेदन


| | | |
|---|---|---|
| ५.१ | सूचना संकलन तथा अभिलेख | ११ |
| ५.२ | सूचना प्रवाह | १२ |
| ५.३ | लैङ्गिक संवेदनशीलताको लेखाजोखा | १२ |
| ५.४ | संशोधन | १२ |


## अनुसूची


| | | |
|---|---|---|
| अनुसूची १ | स्थानीय निकायको योजना तर्जुमा प्रकृयामा लैङ्गिक मूलप्रवाहीकरण | १ |
| अनुसूची २ | स्थानीय निकायमा कार्यरत लैङ्गिक सम्पर्क व्यक्तिको कार्य विवरण | ६ |
| अनुसूची ३ | लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धी कानूनी एवं नीतिगत प्रावधानहरु | ८ |
| अनुसूची ४ | आधारभूत तथ्याङ्क | १२ |
| अनुसूची ५ | क्षेत्रगत लैङ्गिक खण्डीकृत तथ्याङ्क | १३ |
| अनुसूची ६ | सरोकारका क्षेत्रअनुसार लैङ्गिक मूलप्रवाहीकरण बजेट विनियोजन फारम | १६ |
| अनुसूची ७ | लैङ्गिक संवेदनशील बजेट परीक्षणका सूचकहरु | १७ |
| अनुसूची ८ | लैङ्गिक हिसाबबाट बजेटको बाँडफाँड ( विगत ३ वर्षको ) | २७ |
| अनुसूची ९ | कार्यक्रमको कार्यक्षेत्र र यथार्थ खर्चको विवरण | २८ |

## शब्द संक्षेप

| | |
|---|---|
| गा.वि.स. | गाउं विकास समिति |
| गै.स.स. | गैर सरकारी संस्था |
| जि.वि.स. | जिल्ला विकास समिति |
| न.पा. | नगरपालिका |
| **CEDAW** | **Convention on Elimination of All Forms of Discrimination Against Women** (महिला विरुद्ध हुने सबै खाले भेदभाव उन्मूलन गर्ने महासन्धि) |
| स.वि.ल. | सहस्राव्दी विकासका लक्ष्यहरु **(Millennium Development Goals**) |

# भूमिका

विकेन्द्रित प्रकृया अनुरुप स्थानीय निकाय (जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समिति) स्तरको योजना र कार्यक्रम तर्जुमाका सवै चरणमा लैङ्गिक समता र समानता एवं मूलप्रवाहीकरणका प्रकृयामा आवश्यक समन्वय कायम गराउनुका साथै सहकार्यका लागि प्रतिवद्धता व्यक्त भएका छन् । लैङ्गिक समानता कायम गर्न स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ४३, १११ र १९५ अनुसार स्थानीय निकायले आफ्नो क्षेत्रका विकासका लागि आवधिक र वार्षिक योजना तर्जुमा गर्दा महिला र वालवालिकाका लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्ने व्यवस्था छ ।

केन्द्र तथा स्थानीय तहमा गरिएको लैङ्गिक बजेट लेखाजोखा (आ.व. २०६१/२०६२) अनुसार महिला केन्द्रित कार्यक्रममा कूल राष्ट्रिय बजेटको ०.०४ प्रतिशत मात्र विनियोजन गरिएको देखिन्छ । यस्तै आ.व. २०६३/२०६४ को बजेटमा कूल राष्ट्रिय बजेटको जम्मा ०.०६ प्रतिशत यस क्षेत्रमा विनियोजन गरिएको छ । ५१ प्रतिशत महिलाको आर्थिक सामाजिक र राजनैतिक सशक्तीकरणका लागि ०.०६ प्रतिशत बजेट मात्रले अपेक्षित लक्ष्य हासिल गर्न नसकिने हुनाले पनि स्थानीय निकायहरुको श्रोत साधनलाई लैङ्गिक संवेदनशील तथा लैङ्गिक मूलप्रवाहीकरण गर्ने तर्फ परिचालित गर्नुपर्ने आवश्यकता देखिएको छ ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ एवं नियमावली २०५६ मा भएको व्यवस्था अनुसार मूलत: जिल्ला विकास समिति स्तरमा लैङ्गिक पक्षलाई विकास एवं प्रवर्धन गर्न यो निर्देशिका जारी गरिएको छ । त्यस्तै उक्त ऐन र नियमावलीको व्यवस्था अनुसार गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिहरुलाई प्रदान गरिएको योजना तर्जुमा सम्बन्धी अधिकारहरुलाई लैङ्गिक संवेदनशील र प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेपाल सरकार, स्थानीय विकास मन्त्रालयले यो नमूना निर्देशिका तर्जुमा गरेको छ । स्थानीय निकायहरुले आफ्नो परिषद्को निर्णयबाट यसको भावना र मर्मलाई स्थानीय परिस्थिति अनुसार थप सुदृढ र सान्दर्भिक हुने गरी संशोधन र परिमार्जन गरी जारी गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

### १.१ परिचय

स्थानीय निकायहरु राष्ट्रको शासन व्यवस्थाको विकेन्द्रित स्वायत्त संरचना हुन् । यिनको प्रमुख सरोकारको क्षेत्र भनेको गाउं, नगर तथा जिल्लाको समग्र विकासमा टेवा पुर्याई समुन्नत राष्ट्र निर्माणको लागि महत्वपूर्ण भूमिका खेल्नु हो ।
गाउँ तथा नगरमा बसोबास गर्ने महिला, पुरुष, आदिवासी जनजाति, दलित एवं पछाडि पारिएका वर्गको आवश्यकतालाई विश्लेषण गरी स्थानीय निकायले लैङ्गिक मूलप्रवाहीकरणलाई संस्थागत गर्दै लैजानु पर्ने हुन्छ । दशौं योजना तथा तीन वर्षीय अन्तरिम योजनाले पनि महिलाको शैक्षिक तथा स्वास्थ्यको स्थितिमा सुधार ल्याउने र विभिन्न तहका निर्णय प्रकृयामा महिलाको पहुँच बढाउने कार्यलाई जोड दिएको छ । यस सन्दर्भमा प्रस्तुत निर्देशिकाको प्रभावकारी कार्यान्वयनबाट लैङ्गिक पूर्वाधार र यस सम्बन्धी कार्यक्रमको तर्जुमा एवं कार्यान्वयन गर्नमा टेवा पुग्ने अपेक्षा गरिएको छ । साथै लैङ्गिक स्थितिको पहिचान एवं विश्लेषण गरी लैङ्गिक उत्तरदायी विकासलाई संस्थागत गरी स्थानीय निकायको काम कारवाहीमा गुणात्मक परिवर्तन आउने कुरामा विश्वास लिइएको छ ।

प्रस्तुत निर्देशिकाले स्थानीय निकायको आबधिक र बार्षिक योजनाहरुमा लैङ्गिक मूलप्रवाहीकरण गरी महिला र पुरुष समविकासको क्षेत्रमा दिगो र सकारात्मक परिवर्तन ल्याउन मद्दत पुग्ने अपेक्षा गरिएको छ । यस निर्देशिकाले स्थानीय निकायका कार्यक्रमहरुको विस्तृत विश्लेषण र समीक्षा गरी आगामी वर्षहरुको लागि महिला सशक्तीकरण र लैङ्गिक समानताको क्षेत्रमा अबलम्बन गर्नुपर्ने नीति तथा कार्यक्रम र सो अनुरुपको बजेट व्यवस्था गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न मद्दत पुर्याउने छ ।

नेपाल सरकारको आर्थिक वर्ष २०६३/२०६४ को बजेट वक्तव्यमा उल्लेख भएको "लैङ्गिक उत्तरदायी बजेट तर्जुमा गर्ने व्यवस्थालाई संस्थागत गरिनेछ " भन्ने नीतिलाई कार्यान्वयन गर्न प्रस्तुत" स्थानीय निकाय लैङ्गिक बजेट परीक्षण निर्देशिका २०६४" तर्जुमा गरिएको छ ।

## १.२. संक्षिप्त नाम र प्रारम्भ

(१) यस निर्देशिकाको नाम "स्थानीय निकाय लैङ्गिक बजेट परीक्षण निर्देशिका २०६४" रहने छ ।

(२) यो निर्देशिका स्थानीय निकायको परिषद्बाट स्वीकृत भए पछि तुरुन्त लागू हुनेछ ।

## १.३. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ लाई सम्झनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ लाई सम्झनु पर्दछ ।

(ग) "लैङ्गिक बजेट परीक्षण" भन्नाले महिला र पुरुषबीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको लेखाजोखा र महिला पुरुष वीच समानता कायम गर्नको लागि तय गरिएको कार्यक्रम र बजेटको समेत विश्लेषण गर्ने भन्ने सम्झनु पर्दछ ।

(घ) "मन्त्रालय" भन्नाले स्थानीय विकास मन्त्रालय सम्झनु पर्दछ ।

(ङ) "लैङ्गिक सम्पर्क व्यक्ति" भन्नाले स्थानीय निकायले लैंङ्गिक विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकेको कर्मचारीलाई सम्झनु पर्दछ ।

(च) "मूलप्रवाहीकरण" भन्नाले लक्षित वर्गको समानता तथा अधिकार संरक्षण गर्न उनीहरुको समान र सक्रिय सहभागिता सम्झनु पर्दछ । साथै स्थानीय निकायको उद्देश्य, क्रियाकलाप, संगठन र श्रोत विनियोजन (आर्थिक र मानवीय श्रोत ) मा लैंङ्गिक समानतालाई समायोजन गर्नु हो भन्ने सम्झनु पर्दछ ।

# परिच्छेद – २

# उद्देश्य र कार्यक्षेत्र

## २.१ उद्देश्य

स्थानीय निकाय र यसका सबै साझेदार संस्थाहरुको नीति र कार्यक्रमहरुमा लैङ्गिक मूलप्रवाहीकरण गरी  समतामूलक विकास एवं प्रवर्द्धन गरी संस्थागत गर्नु लैङ्गिक बजेट परीक्षणको मुख्य उद्देश्य रहेको छ । लैङ्गिक बजेट परीक्षणका विशिष्ट उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

- स्थानीय निकायको आवधिक र वार्षिक योजनामा लैङ्गिक मूलप्रवाहीकरणलाई संस्थागत गर्ने ।
- लैङ्गिक समावेशीकरणको लक्ष्यलाई स्थानीय निकायको संरचना र कार्य योजनामा स्थान दिने ।
- स्थानीय निकायको श्रोत परिचालन, बजेट विनियोजन तथा खर्चलाई लैङ्गिक दृष्टिले अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- लैङ्गिक मूलप्रवाहीकरणका प्रतिबद्धताहरुलाई लैङ्गिक बजेट परीक्षणद्वारा अनुगमन एवं मूल्याङ्कन गरी सहस्राव्दी विकासका लक्ष्यहरुलाई टेवा पुर्‍याउने ।
- लैङ्गिक उत्तरदायी सुशासन व्यवस्थालाई संस्थागत गर्ने ।

## २.२ कार्यक्षेत्र

लैङ्गिक बजेट परीक्षणको कार्यक्षेत्र (**Scope of work**) देहायवमोजिम हुनेछ ।

(क) खन्डिकृत तथ्याङ्कन: महिला, पुरुष, बाल, बालिका, आदिवासी/ जनजाति, दलित, अपाङ्गता भएका व्यक्ति आदिका खन्डिकृत तथ्याङ्क संकलन गरी स्थानीय निकायको सूचना केन्द्रमा अध्यावधिक राख्ने ।

(ख) लैङ्गिक मूलप्रवाहीकरण: स्थानीय निकायको नीति, विनियम, आवधिक र वार्षिक योजनामा लक्षित वर्गको समान र सक्रिय सहभागिता प्रवर्ध्दन गरी मूलप्रवाहीकरण गर्ने । त्यस्तै स्थानीय निकायको परिकल्पना, ध्येय, लक्ष्य, उद्देश्य र कृयाकलापहरुमा  लैङ्गिक मूलप्रवाहीकरण गर्ने ।

(ग) लैङ्गिक क्षमता अभिवृद्धि: स्थानीय निकायको नीति तथा आवधिक र वार्षिक योजना प्रकृयामा लक्ष्यित वर्गको समान र सक्रिय सहभागिता प्रवर्द्धन गर्न र यिनीहरुलाई मूलप्रवाहीकरण गर्न  लैङ्गिक क्षमता अभिवृद्धि गर्ने ।

(घ) कार्यक्रम तथा बजेटको सुनिश्चितता: लैङ्गिक समानता तथा समतामूलक विकास एवं प्रवर्द्धनको लागि निश्चित बजेट सुनिश्चित गर्ने ।

(ङ) सहजीकरण : लैङ्गिक समता एवं समानता प्रवर्द्धनका लागि भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुका बारेमा स्थानीय निकायका पदाधिकारीहरुलाई सहजीकरण गर्ने ।

(च) समन्वय : स्थानीय स्तरमा विभिन्न संघसंस्था एवं कार्यक्रमहरुद्वारा सन्चालित महिला सशक्तीकरण एवं मूलप्रवाहीकरणका कार्यक्रमहरुलाई
समन्वयात्मक रुपमा संचालन गर्ने तथा कार्ययोजना वनाउने प्रकृया स्थापित गर्ने ।

(छ) निर्देशन : स्थानीय निकायले सवै तहका संघ संस्था एवं विषयगत कार्यालय/शाखाहरुलाई महिला सशक्तीकरणका कार्यक्रमहरु राख्न तथा सो को लागि बजेट विनियोजन गर्न निर्देशन दिने ।

(ज) अनुगमन तथा मूल्याङ्कन: स्थानीय स्तरमा विभिन्न संघसंस्था एवं कार्यालयहरुबाट सन्चालित महिला सशक्तीकरणका साथै दलित, आदिवासी जनजाति एवं पछाडि पारिएका र विपन्न वर्गका महिला र पुरुषको हित सम्बन्धी कार्यक्रमको लैङ्गिक संवेदनशीलताको लेखाजोखा, अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(झ) लैङ्गिक बजेट परीक्षण: समानता र सशक्तीकरणको लक्ष्य राखी कार्यक्रम तर्जुमा गरिएको छ/छैन, विकासको हरेक पक्षमा लैङ्गिक मूलप्रवाहीकरण भएको छ/छैन भन्ने मापन वा स्व:मूल्याङ्कन गर्ने तथा लैङ्गिक दृष्टिले बजेट र कार्यक्रमबीच सम्बन्ध स्थापित गर्ने संयन्त्रको काम गर्ने ।

(ञ) लैङ्गिक विश्लेषण तथा स्व:मूल्याङ्कन: आफ्नो कृयाकलापहरुको आफैंद्वारा लैङ्गिक विश्लेषण तथा मूल्याङ्कन गर्न, स्थान तथा भौगोलिक आधारमा कार्यान्वयन भएका कार्यक्रमहरुको विश्लेषण गर्ने साथै आगामी कार्यक्रमहरुको लागि रणनीति तय गर्ने ।

(ट) सुशासनः लैङ्गिक उत्तरदायी सुशासन प्रकृयाको विकास एवं प्रवर्द्धन गर्ने ।

(ठ) अनुभव तथा सिकाई आदान प्रदानः सम्वन्धित निकायहरुसंग लैङ्गिक कार्यकम तर्जुमा एवं संचालनका दौरानमा हासिल गरिएका अनुभव तथा सिकाई आदान प्रदान गर्ने ।

(ड) अभिलेख : लैङ्गिक खन्डिकृत तथ्याङ्क र सामग्रीहरुको संकलन गर्ने र अध्यावधिक राख्ने । स्थानीय निकायबाट वार्षिक र अर्धवार्षिक रुपमा लैङ्गिक मूलप्रवाहीकरणका लागि भए, गरेका कार्यकम एवं प्रयासहरुको साथै सिकाई तथा उपलब्धिहरुको अभिलेख राख्ने । योजना अनुसार बजेट विनियोजन र खर्च भए नभएको विश्लेषण गरी प्रतिवेदन लेखन गर्ने । सो प्रतिवेदनका सिकाई तथा उपलब्धीहरुलाई सरोकारवालाहरुसंग आदान प्रदान गर्ने ।

## परिच्छेद – ३

## लैङ्गिक नीति निर्माण तथा कार्यान्वयन

### ३.१ लैङ्गिक नीति निर्माण

स्थानीय निकायको लैङ्गिक नीति लिखित दस्तावेजको रुपमा रहनेछ । यो नीतिले निर्णय प्रकृया र कार्यान्वयनलाई सही बाटोमा डोर्‍याउने आधार प्रदान गर्नेछ ।

स्थानीय निकायको लैङ्गिक नीति तर्जुमा गर्दा देहायका कुराहरु समावेश गर्नु पर्नेछ ।

(क) राष्ट्रको दीर्घकालीन र अल्पकालीन योजनाले निर्दिष्ट गरेका लैङ्गिक नीति सम्बन्धी प्रावधानहरु लागु गर्ने ।

(ख) संविधान तथा प्रचलित कानूनले व्यवस्था गरेका लैङ्गिक नीतिहरु कार्यान्वयन गर्ने ।

(ग) आफ्नो कार्य क्षेत्रभित्र महिला विरुद्धका घरेलु हिंसा निर्मूल गर्ने रणनीति एवं कार्य योजना वनाई लागु गर्ने ।

(घ) स्थानीय निकाय र मातहतका विषयगत कार्यालय/शाखाहरुको आवधिक र वार्षिक योजनाको दीर्घकालीन सोच, ध्येय, लक्ष्य, उद्देश्य र कार्यकममा लैङ्गिक मूलप्रवाहीकरण गर्ने ।

(ङ) नेपाल सरकारले लैङ्गिक विकासका लागि गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरु लागू गर्ने । जस्तैः

क. वेईजिङ्ग घोषणा पत्रका कार्ययोजना अनुसार देहायका प्रतिवद्धताहरु लागु गर्ने ।

१. महिला र गरीवी, २. महिला शिक्षा र तालिम, ३. महिला र स्वास्थ्य, ४. महिला विरुद्धको हिंसा, ५. महिला र सशस्त्र संघर्ष, ६. महिला र अर्थतन्त्र, ७. महिला विकासका लागि संस्थागत संरचना, ८. शक्ति संरचना र निर्णायक तहमा महिला, ९. महिला र मानव अधिकार, १०. महिला र सन्चार, ११. महिला र वातावरण, तथा १२. बालिका ।

ख. महिला विरुद्ध हुने सबै खाले भेदभाव उन्मूलन गर्ने महासन्धि सिड ले तय गरेका देहाय वमोजिमका प्रमुख अधिकारहरु लागु गर्ने ।

| | |
|---|---|
| १ | महिला बेचविखन तथा यौन व्यापारको लागि यौनशोषण विरुद्धको अधिकार |
| २ | सार्वजनिक र राजनीतिक जीवनमा सहभागिताको अधिकार |
| ३ | अन्तर्राष्ट्रिय तहमा सहभागी हुने अधिकार |
| ४ | राष्ट्रियतासम्बन्धी अधिकार |
| ५ | शिक्षासम्बन्धी अधिकार |
| ६ | रोजगारीको अधिकार |
| ७ | स्वास्थ्यसम्बन्धी अधिकार |
| ८ | आर्थिक तथा पारिवारिक लाभ उपभोगको अधिकार |
| ९ | ग्रामीण महिलालाई विशेष अधिकार |
| १० | कानूनी समानताको अधिकार |
| ११ | विवाह तथा परिवारको अधिकार |

ग. सहस्राव्दी विकासका लक्ष्यहरु प्राप्ति गर्ने कार्यक्रमहरु अन्तर्गत सन् २००५ सम्ममा प्राथमिक तथा माध्यमिक शिक्षावाट र सन् २०१५ सम्ममा शिक्षाका सबै तहबाट लैङ्गिक विभेद उन्मूलन गर्ने । सन् २०१५ सम्ममा मातृ मृत्यु दर दुई तिहाईले घटाउने ।

उल्लेखित प्रतिबद्धताहरुको उपलब्धिहरु हासिल गर्न कार्यक्रम र बजेट विनियोजन गरी कार्य योजना वनाउनु पर्नेछ ।

(च) लैङ्गिक मूलप्रवाहीकरणद्वारा परेका सकारात्मक प्रभावहरुलाई अन्य ठाउँमा लागु गर्ने, साथै दोहोरोपन हटाउने रणनीति बनाउने ।

(छ) स्थानीय निकायको कर्मचारी प्रशासन सम्बन्धी विनियमलाई लैङ्गिक उत्तरदायी वनाउने ।

## ३.२ अनुगमन तथा मूल्याङ्कन

स्थानीय स्तरमा विभिन्न क्षेत्रबाट सन्चालित कार्यकमहरुमा महिला सशक्तीकरण एवं लैङ्गिक संवेदनशीलताको लेखाजोखा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सो प्रतिवेदन सरोकारवालाहरुसंग आदान प्रदान गरी सुझावहरुलाई कार्यान्वयन गर्नु पर्नेछ ।

स्थानीय निकायले आफ्नो मातहतका सम्पूर्ण विषयगत कार्यालय र शाखाहरुका साथै गै.स.स.र सामुदायिक संस्थाहरुले महिला सशक्तीकरण, महिला केन्द्रित तथा लैङ्गिक समता अभिवृद्धि गर्ने खालका योजना एवं कार्यकमहरुको तर्जुमा र बजेटको प्रवन्ध गरे नगरेको तथा सोही अनुसार बजेट खर्च गरे नगरेको सुनिश्चित गर्नु पर्नेछ ।

स्थानीय निकायले महिला, दलित, उपेक्षित, उत्पीडित एवं लोपोन्मुख एवं महिला, आदिवासी जनजाति, मधेशी, मुस्लिम तथा पछाडि पारिएका एवं विपन्न वर्गका के कति महिला र पुरुषले के कस्तो सेवा प्राप्त गरे भन्ने कुराको अनुगमन गर्नुका साथै यसबाट परेको असर र प्रभाव मूल्याङ्कन गर्नुपर्नेछ ।

## ३.३ सूचनामा पहुँच :

सङ्कलन गरिएको सूचनामा सवैको पहुँच पुग्ने गरी सार्वजनिक गरिने छ । त्यस्ता सूचना गोप्य रहने छैन ।

## ३.४ प्राविधिक परामर्श तथा विशेषज्ञ सेवाः

(१) स्थानीय निकाय, विषयगत शाखा/कार्यालय, विकास साझेदार तथा गै.स.स.ले अन्य कुराका अतिरिक्त आवश्यक परेमा देहायको काम गर्नको लागि प्राविधिक/विशेषज्ञको सेवा लिन सक्नेछन् ।

(क) अनुसूची ३ बमोजिमको तथ्याङ्क संकलन ।

(ख) कुनै खास कार्यकममा लैङ्गिक विश्लेषणका आधारमा लैङ्गिक न्यूनता वा असमानताको पहिचान तथा सोको परिपूर्तिका लागि उपयुक्त पहलको सर्भेक्षण ।

(ग) कुनै खास समस्या (जस्तैः प्रकोप एवं वातावरणीय विनाश) बाट महिला र पुरुषमा परेका प्रत्यक्ष र अप्रत्यक्ष असरहरुको लेखाजोखा तथा न्यूनीकरणका उपायको सर्भेक्षण ।

(घ) कुनै खास निकाय, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संघसंस्थाद्वारा संचालित कार्यक्रमहरुबाट परेको प्रभाव तथा असर विश्लेषण ।

(ङ) कुनै खास घटना (जस्तैः द्वन्द्वबाट महिलामा परेको प्रभाव, महिला विरुद्धको घरेलु हिंसा, बालबालिका वेचविखन, वसाईं सराई, आदि) को लेखाजोखा तथा न्यूनीकरणका उपायको सर्भेक्षण ।

## परिच्छेद ४
## मूलप्रवाहीकरण र समन्वय

### ४.१ मूलप्रवाहीकरण

स्थानीय निकायले देहायका क्रियाकलापहरु गर्दा लैङ्गिक मूलप्रवाहीकरण गर्नु, गराउनु पर्नेछ ।

(क) सहभागितात्मक योजना (आवधिक, विषयगत तथा वार्षिक योजना) तथा कार्यक्रम तर्जुमा गर्दा । (अनुसूची १)

(ख) योजना र कार्यक्रमहरुको कार्यान्वयन गर्दा ।

(ग) लैङ्गिक संवेदनशील, समतामूलक एवं समावेशी नीति, कार्यविधि तथा कार्यान्वयन निर्देशिका तर्जुमा गर्दा ।

(घ) लैङ्गिक समता र समानताको लागि भएका विभिन्न महासन्धि तथा सम्झौताका राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन गर्दा गराउँदा ।

(ङ) सहजीकरण तथा सचेतीकरणका क्रियाकलापहरु गर्दा ।

(च) लैङ्गिक विश्लेषणका लागि क्षमता अभिवृद्धि गर्दा ।

(छ) लैङ्गिक कार्यक्रमका लागि बजेट विनियोजन गर्दा ।

(ज) लैङ्गिक खन्डिकृत  तथ्याङ्कको संकलन एवं अध्यावधिक गर्दा ।

(झ) महिला तथा  वालवालिकामाथि हुने सवै प्रकारका हिंसा उन्मूलनका लागि रणनीतिक कार्ययोजना तर्जुमा गर्दा ।

(ञ) आर्थिक तथा मानवीय श्रोत र साधनको बाँडफाँड गर्दा ।

(ट) सवै तहको निर्णय प्रकृयामा महिला सहभागिता सुनिश्चित गर्दा ।

(ठ) महिलाहरुको प्राविधिक ज्ञान र सीप बढाउने कार्ययोजना तर्जुमा गर्दा ।

(ड) संस्थागत संरचनामा लैङ्गिक उत्तरदायी सुशासन र समानताको प्रवर्द्धन गर्दा ।

(ढ) सामुदायिक संस्थाहरुको विकास एवं प्रवर्द्धन गर्दा ।

(ण) लैङ्गिक विकास तथा महिला सशक्तीकरणका लागि भए गरेका कार्यक्रम, बजेट व्यवस्था र खर्चको अभिलेख तथा प्रतिवेदन तयार गर्दा ।

## ४.२ लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धी संवैधानिक कानूनी एवं नीतिगत व्यवस्था :

लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धी संवैधानिक कानूनी एवं नीतिगत व्यवस्था अनुसूची ३ मा दिईएको छ ।

## ४.३ समन्वय

स्थानीय निकायले स्थानीय स्तरमा रहेका विषयगत कार्यालय/शाखा, संघसंस्था, गै.स.स. र सामुदायिक संस्थाहरुका कार्यक्रमहरुलाई सिंहावलोकन गरी आवधिक तथा वार्षिक योजना एवं कार्यक्रमहरुमा महिला सशक्तीकरण तथा महिला केन्द्रित कार्यक्रमहरु राख्न पैरवी गर्नुका साथै बजेटको प्रवन्ध गर्न समन्वय पनि गर्नु पर्नेछ ।

स्थानीय निकायले दलित, उपेक्षित, उत्पीडित तथा पिछडिएको वर्ग, महिला, लोपोन्मुख एवं पिछडिएका आदिवासी जनजाति, मधेशी, मुस्लीम र गरिव वर्गका सवै महिला र पुरुषलाई सेवा पुर्‍याउने गरी जिल्ला, नगर तथा गाउँ तहमा सक्रिय रहेका गैरसरकारी संघसंस्था एवं नागरिक समाजसंग समन्वय गर्नु पर्नेछ ।

देहायका माध्यमबाट पनि समन्वयको प्रयास जारी राख्नु पर्नेछ ।

(क) स्थानीय निकायका वैठकहरुमा लैङ्गिक समानताको लागि गर्नु पर्ने कामहरु र भएका प्रयासहरुको समीक्षा गरी भावी रणनीतिहरु तय गर्ने ।

(ख) स्थानीय जनप्रतिनिधि, महिला अधिकारवादी, वुद्धिजीवी, पत्रकार, समाजसेवी तथा महिला, आदिवासी जनजाति, मधेशी र दलितको प्रतिनिधित्व हुने गोष्ठीहरुमा सिकाई/उत्कृष्ट अभ्यासहरु आदान प्रदान गर्ने । यसका साथै भ्रमण तथा गोष्ठीहरु पनि आफैंले आयोजना गर्ने ।

### ४.४ लैङ्गिक सम्पर्क व्यक्ति

(१) स्थानीय स्तरको योजना तर्जुमा, कार्यान्वयन र पुनरावलोकनका सबै चरणमा लैङ्गिक समता र समानता अभिवृद्धि सुनिश्चित गर्न स्थानीय निकायले उपयुक्त/जिम्मेवार कर्मचारीलाई लैङ्गिक सम्पर्क व्यक्ति तोक्नु पर्नेछ र सो व्यक्तिलाई कार्य विवरण (**Terms and References** ) दिनु पर्नेछ । लैङ्गिकसम्पर्क व्यक्तिको कार्य विवरण (**Terms of Reference** ) को नमूना अनुसूची २ मा दिईएको छ ।

(२) बुँदा (१) बमोजिम लैंङ्गिक सम्पर्क व्यक्ति तोकिएको वा साविकको लैङ्गिक सम्पर्क व्यक्ति सरुवा भई अन्य कुनै कारणले रिक्त भई नयाँ लैङ्गिक सम्पर्क व्यक्ति तोकिएकोमा सोको जानकारी स्थानीय विकास मन्त्रालय तथा अन्य सम्बन्धित पक्षहरुलाई दिनु पर्नेछ । लैङ्गिकसम्पर्क व्यक्तिको छुट्टै कार्य विवरण (**Terms of Reference** ) तोक्नु पर्नेछ ।

## परिच्छेद – ५
## अभिलेख तथा प्रतिवेदन

### ५.१ सूचना संकलन तथा अभिलेख

(१) स्थानीय निकायले लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धी कानूनी एवं नीतिगत प्रावधानहरु अनुरुप स्थानीय स्तरमा महिला, पुरुष, बालबालिका, आदिवासी जनजाति, मधेशी, दलित, उपेक्षित, उत्पीडित एवं पिछडिएका वर्गका व्यक्तिहरुको आर्थिक सामाजिक अवस्थाका साथै लैङ्गिक मूलप्रवाहीकरणका लागि भएका महत्वूर्ण प्रयासहरु सम्बन्धी तथ्याङ्क तथा अभिलेख स्थानीय निकायको सूचना तथा अभिलेख केन्द्रमा राख्नु पर्नेछ । उक्त सूचना केन्द्रमा देहाय वमोजिमका सूचना एवं विवरणको अभिलेख राख्नु पर्नेछ ।

(क) लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धी कानूनी एवं नीतिगत प्रावधानहरु (अनुसूची ३)

(ख) आधारभूत तथ्याङ्क (अनुसूची ४) र लैङ्गिक खन्डिकृत क्षेत्रगत तथ्याङ्क (अनुसूची ५) ।

(ग) सरोकारको क्षेत्र अनुसार लैङ्गिक मूलप्रवाहीकरण बजेट विनियोजन फारम (अनुसूची ६) ।

(घ) लैङ्गिक संवेदनशील बजेट परीक्षणका सूचकहरु (अनुसूची ७)

(ङ) लैङ्गिक दृष्टिकोबाट बजेटको बाँडफाँड (विगत ३ वर्षको) (अनुसूची ८)

(च) कार्यक्रमको कार्यक्षेत्र र यथार्थ खर्चको विवरण (अनुसूची ९) ।

(२) दफा ५.१ (१) मा उल्लिखित तथ्याङ्क सूचना केन्द्रको कम्प्युटरमा अभिलेख राख्नु पर्नेछ ।

(३) सो तथ्याङ्कको श्रोत, अद्यावधीकरण तथा व्यवस्थापन सम्बन्धी कार्य नियमित रुपमा सम्वन्धित स्थानीय निकायले गर्नुपर्नेछ । यो कार्य गर्न सूचना केन्द्रका कर्मचारीलाई जिम्मेवारी तोक्नु पर्नेछ ।

### ५.२ सूचना प्रवाह

सङ्कलन गरिएको सूचना र स्थानीय निकायको सूचना केन्द्रमा रहेका तथ्याङ्क तथा अभिलेख कानूनले वन्देज गरे वाहेक कुनै पनि संघसंस्था, व्यक्तिले माग गरेमा वा जानकारी लिन चाहेमा दिनु पर्नेछ । यस्तो सूचना तथा

अभिलेखको लागत मूल्य असूली (**Cost Recovery**) गर्नु पर्ने अवस्था रहेमा सो मूल्य लिई अभिलेख, सूचना तथा तथ्याङ्क उपलब्ध गराउन सकिनेछ ।

### ५.३ लैङ्गिक संवेदनशीलताको लेखाजोखा

१) स्थानीय निकायले देहायको कुनै तरिका अपनाई आबधिक तथा वार्षिक योजना वा त्यस्तो कुनै विषयगत खण्ड वा विषयगत कार्यालय र शाखाहरु, सेवा केन्द्र/उपकेन्द्रहरु वा गैर सरकारी संस्थाको संस्थागत संरचना, नीति, नियमावली, कार्यप्रणाली, सेवा प्रचार लगायतका समग्र पक्षाको लैङ्गिक संवेदनशीलताको लेखाजोखा गर्न वा कुनै विशेषज्ञबाट त्यस्तो लेखाजोखा गराउन सक्नेछ ।

क) प्रारम्भिक लैङ्गिक संवेदनशील खण्डिकृत तथ्याङ्कको परीक्षण

ख) कार्यक्रम तथा परियोजनामा लैङ्गिक मूलप्रवाहीकरणको परीक्षण ।

ग) लैङ्गिक एवं समावेशी नीति तथा रणनीतिको परीक्षण ।

घ) लैङ्गिक बजेट विश्लेषण ।

ङ) लैङ्गिक मूलप्रवाहीकरणको असर र प्रभाव मूल्याङ्कन ।

२) उपदफा (१) बमोजिम सम्पन्न गरिएको लैङ्गिक संवेदनशीलताको लेखाजोखा सम्बन्धी प्रतिवेदन स्थानीय निकायले विषयगत कार्यालय, शाखा, सेवा केन्द्र, उपकेन्द्र, गै.स.स. तथा सम्बन्धित अन्य सरोकारवालाहरुलाई उपलब्ध गराउनेछ ।

३) स्थानीय निकाय, विषयगत कार्यालय, शाखा, सेवा केन्द्र/उपकेन्द्र, गै.स.स. र सरोकारवाला संस्थाहरुले उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदनको अध्ययन गरी प्रतिवेदनमा समावेश गरिएका उपयुक्त सुझावहरु कार्यान्वयन गर्ने, गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

### ५.४ संशोधन

स्थानीय निकाय लैङ्गिक बजेट परीक्षण निर्देशिका २०६४ मा थपघट तथा संशोधन गर्नु परेको खण्डमा लैङ्गिक बजेट परीक्षणको भावना र मर्मलाई थप सुदृढ गर्ने गरी संबन्धित स्थानीय निकायको परिषद्को निर्णयबाट गर्न सकिनेछ ।

# स्थानीय निकायको योजना तर्जुमा प्रकृयामा लैङ्गिक मूलप्रवाहीकरण
## (यो जि.वि.स.को चौध चरणको योजना प्रकृया संगसंगै जाने प्रकृया हो )

| योजना तर्जुमाका चरणहरु | कार्यहरु | संलग्न हुने सहभागी | उत्तरदायी संस्था | समय तालिका | स्थानीय स्वा. शा. ऐन नियमका प्रावधानहरु |
|---|---|---|---|---|---|
| प्रारम्भिक चरण : | ● जिल्ला स्तर र गा.वि.स. स्तरमा महिला, जनजाति र दलितहरुको खन्डिकृत तथ्याँक संकलन र अध्यावधिक गर्ने ।<br>● जिल्लास्तरको लैङ्गिक खन्डिकृत तथ्याँक पुनरावलोकन र विश्लेषण (सेवा, सुविधाको संभावना, अवसरहरु र मानव स्रोत नक्साङ्कन) | | जिल्ला सूचना तथा अभिलेख केन्द्र | | प्रारम्भिक चरण गाउँ स्तरको लैङ्गिक खन्डिकृत तथ्याँक विश्लेषण) |
| प्रथम चरण: मार्गदर्शन | ● महिलाहरुको आर्थिक तथा सामाजिक सशक्तीकरणसंग सम्बन्धित क्षेत्रका कृयाकलापहरुसंग संबन्धित राष्ट्रिय नीति र मार्ग निर्देशन वारे छलफल गर्ने । | जिल्ला विकास समिति, जिल्ला स्तरका विषयगत शाखाहरु | वि.वि.स. र विषयगत कार्यलयहरु | कार्तिक मसान्त सम्ममा | ऐनको दफा १९५ (२), दफा २४३ (२) |
| दोस्रो चरण: मार्गदर्शनको पुनरावलोकन | ● महिलाहरुको अर्थपूर्ण सहभागिता र सशक्तीकरणको कार्यक्रमलाई मूलप्रवाहीकरण गर्न विषयगत निकायहरुको उद्देश्य तथा कार्यक्रमहरुको नीति र मार्गदर्शनको विश्लेषण एवं पुनरावलोकन गर्ने । | जि.वि.सका पदाधिकारी सभापति, उपसभापति , सदस्य, सचिव र विषयगत शाखाका प्रमुख | जि.वि.स. | मंसिर महिनाको पहिलो हप्ता सम्ममा | |
| तेस्रो चरण : योजना तर्जुमा वैठक | ● लैङ्गिक मूलप्रवाहीकरणको नीति, उद्देश्य, कार्यक्रम, स्रोत संचालन, विषयगत निकायहरुको भूमिका तथा आगामी आ.व.मा प्राप्त हुने कार्यअनुक्रम र अनुदान सीमाबारे जानकारी गराउने, गा.वि.स. अनुसार अनुमानित अनुदान छुट्ट्याउने ।<br>● वस्तीस्तरमा भर्नुपर्ने योजना अनुरोध फारम वितरण र उक्त फारम भर्ने तरिकाको अभ्यास गाविसका अध्यक्ष र सचिवलाई गराउने । | जि.वि.स. का पदाधिकारी, विषयगत शाखाका प्रमुख, वित्तीय संस्थाका प्रतिनिधि , उद्योग वाणिज्य संघ एवं गैर सरकारी संस्थाका प्रमुख, महिला अधिकारकर्मी, गाउँ विकास समितिका अध्यक्ष, उपाध्यक्ष र सचिव, नगरपालिकाका प्रमुख, उपप्रमुख तथा सचिव | जि.वि.स, गा.वि.स., नगरपालिका, विषयगत शाखा | मंसीर महिनाको दोस्रो हप्ता सम्ममा | |

| | | | | | |
|---|---|---|---|---|---|
| चौथो चरण :<br>गा.वि.स., नगरपालिकाको बैठक | • गा.वि.स, नगरपालिका वडा, वस्ती, टोल स्तरमा संचालन हुने लैङ्गिक मूलप्रवाहीकरणका कार्यक्रमबारे अध्ययन र विश्लेषण गर्ने ।<br>• वस्तीस्तरमा गरिने योजना तर्जुमाका लागि योजना फारम वितरण गर्दा महिला सहभागिताको लागि विशेष स्थान दिने निर्णय गर्ने ।<br>• वस्तीस्तरमा लक्षित समूहको उद्देश्यपरक सहभागिता तथा आर्थिक तथा सामाजिक सशक्तीकरण गर्न महिला पुरुष सम विकासका लागि गा.वि.स.मा अनुमानित वजेट छुट्याउने । | गा.वि.स, नगरपालिका, जि.वि.स र विषयगत शाखाहरुका प्रतिनिधि | गा.वि.स / नगरपालिका | पौष महिनाको पहिलो हप्तामा | |
| पाँचौं चरण : टोल /वस्तीस्तरका योजना छनौट | • महिला सशक्तीकरण तथा महिलासंग सरोकार भएका योजनाहरुको सहभागितात्मक छलफलद्वारा पहिचान र प्राथमिकीकरण गर्ने ।<br>• सहभागितात्मक रुपमा पहिचान गरिएका वस्ती तथा वडास्तरका आयोजनाहरुको विवरण योजना अनुरोध फारम भरी सवै महिला र पुरुष सहभागीहरुलाई दस्तखत गराउने । | स्थानिय वासिन्दा, गै.स.स., उपभोक्ता समुह, सामुदायिक संस्था, वडा अध्यक्ष र सदस्यहरु | गा.वि.स./,नगरपालिकाका वडाध्यक्ष र सदस्यहरु | पौष महिनाको पहिलो हप्ता भित्रमा | |
| छैटौं चरण :<br>वडा समितिको बैठक | • टोल/वस्तीस्तरवाट प्राप्त योजनाहरुको विश्लेषण गरी सो आयोजनाहरुको प्राथमिकता निर्धारण गर्ने । | वडा अध्यक्ष र सदस्यहरु, सामुदायिक संस्था, उपभोक्ता समूह | वडा समिति | पौष महिनाको दोस्रो हप्ता भित्रमा | |

| | | | | | |
|---|---|---|---|---|---|
| सातौं चरण गा.वि.स./ नगरपालिकाको बैठक | ● वडास्तर वा टोल वस्तीस्तरवाट आएका योजनाहरु सूचीकृत गर्ने । उक्त आयोजनाहरुको वर्गीकरण गरी महिला सरोकार र सशक्तीरणको कार्यक्रममा उपलब्ध हुन सक्ने साधन र श्रोतको निर्क्योल गर्ने । आयोजनाहरुको प्राथमिकता निर्धारण गर्ने ।<br>● वस्तीस्तर तथा वडाबाट पहिचान भई आएका आर्थिक तथा सामाजिक सशक्तीकरणको कार्यक्रमहरु छानवीन गरी महिला सशक्तिकरणको कार्यक्रमहरु योजनामा राख्न लगाउने ।<br>● गा.वि.स. /नगरपालिकाको स्तरबाट पूरा गर्न नसकिने महिला सरोकारका कार्यक्रमहरुलाई बर्गीकरण गरी गा.वि.स. श्रोतबाट संचालन गर्न सकिने र नसकिने आयोजनाहरु छुट्याउने र सोको सूची अनुमानित लागत समेत तयार पार्ने । | गा.वि.स./ नगरपालिकाका पदाधिकारीहरु र विषयगत शाखाका प्रतिनिधिहरु | गा.वि.स./नगरपालिका | पौष महिनाको दोस्रो हप्ता भित्रमा | नियमावलीको नियम ६६ को उपनियम (८) तथा नियम १३६ को उपनियम (८) |
| आठौं चरण : गाउँ / नगर परिषद् | ● वडा तथा टोल गाउँ / वस्तीस्तरबाट आएका महिला केन्द्रित तथा सशक्तिकरणका आयोजनाहरु मध्ये गाविसको आफ्नै श्रोत र साधनले संचालन गर्ने आयोजनाहरु कार्यान्वयनको लागि स्वीकृत गर्ने ।<br>● गा.वि.स./नगरपालिकाको श्रोत साधनवाट पूरा गर्न नसकिने महिला केन्द्रित आयोजनालाई कैफियत खुलाई प्राथमिकताक्रम तोकी गाउँ / नगर स्तरीय योजनाहरु जि.वि.स.मा आवश्यक कारवाहीको लागि पठाउने । | गाउँ / नगर परिषद्का पार्षद्हरु | गा.वि.स./नगरपालिका | पौष मसान्त भित्रमा | नियमावली को नियम ६६ को उपनियम (१०) र (११) तथा नियम १३६ को उपनियम (१०) र (११) |
| नवौं चरण : इलाकास्तरीय योजना तर्जुमा गोष्ठी | ● इलाका भित्रका गाविस र नगरपालिकाको परिषद्वाट स्वीकृत भएका महिला केन्द्रित तथा सशक्तीकरणका आयोजनाहरुलाई विषयगत क्षेत्रभित्र पेश गर्ने गरी आयोजनाको प्राथमिकताक्रम निर्धारण गरी जि.वि.स.को विषयगत समितिमा पठाउने । | इलाका सदस्य, गा.वि.स. अध्यक्ष, उपाध्यक्ष, नगरपालिका प्रमुख, उपप्रमुख , सचिव, विषयगत शाखा र वित्तीय संस्थाको प्रमुख वा प्रतिनिधि तथा गैर सरकारी | | माघको तेस्रो हप्ता सम्ममा | नियमावली को नियम १९९ (४) |

| | | | | | |
|---|---|---|---|---|---|
| | ● इलाका संयोजक / जि.वि.स. सदस्यहरुले सम्बन्धित इलाका भित्रका आयोजनाहरुको लैङ्गिक दृष्टिकोणवाट समेत प्राथमिकीकरण गर्न आ आफ्ना इलाकामा गोष्ठी आयोजना गर्ने । | संस्थाका प्रतिनिधिहरु र स्थानीयस्तरका महिला अधिकारवादीहरु । | | | |
| दशौं चरण : विषयगत योजना तर्जुमा समिति बैठक | ● महिला केन्द्रित तथा सशक्तीकरणका प्राथमिकीकरण गरिएका योजनाहरुलाई स्थान दिने वा लैङ्गिक बजेट परीक्षण ( **Gender Budget Audit** ) द्वारा नपुग के छ सो विश्लेषण (**Gap Analysis**) गर्ने ।<br>● लैङ्गिक बजेट परीक्षणको आधारबाट कार्यक्रम तथा बजेटमा देखिएका नपुग पक्ष (**Gap**) लाई मनन गरी विषयगत निकायका कार्यक्रम तथा योजनाहरुमा महिला केन्द्रित, प्राथमिकीकरण गरिएका योजनाहरुलाई स्थान दिने ।<br>● विषयगत कार्यालयहरुलाई पनि महिला पुरुष सम विकास तथा महिला केन्द्रित कार्यक्रमहरु राख्न वकालत गर्ने ।<br>● विभिन्न इलाकाबाट प्राप्त महिला केन्द्रित आयोजनालाई विषयगत योजना तर्जुमा समितिले जिल्लास्तर र केन्द्रीयस्तरका आयोजनामा बर्गीकृत गरी त्यस्ता महिला केन्द्रित आयोजनाहरुको प्राथमिकता समेत निर्धारण गरी एकिकृत योजना तर्जुमा समितिमा पेश गर्ने ।<br>● विषयगत समितिसंग परामर्श गरी विषयगत कार्यालयको योजनामा महिला सशक्तीकरणको कार्यक्रमलाई पनि समावेश गर्ने । | जि.वि.स. ले तोकेको सदस्य, गैर सरकारी संस्थाका प्रतिनिधि, कार्य प्रकृति अनुसारको विषयगत शाखाका प्रमुख | जि.वि.स.र विषयगत शाखा/कार्यालय | फागुनको पहिलो हप्ता सम्ममा | नियमावली को नियम १९९ ( ५) |

| | | | | | |
|---|---|---|---|---|---|
| एघारौं चरण : एकीकृत योजना तर्जुमा समिति बैठक | • वर्गीकरण गरिएका महिला केन्द्रित आयोजनाहरुको एक अर्कालाई परिपूरक र परिपोषकको सम्बन्ध हेरी आवश्यकता अनुसार संशोधन, थपघट एवं प्राथमिकताक्रम राखी जि.वि.स.को बैठकमा जिल्ला विकास योजनाको मस्यौदा पेश गर्ने ।<br>• विषयगत समितिसंग परामर्श गरी विषयगत कार्यालयको योजनामा महिला सशक्तीकरणको कार्यक्रमलाई समावेश गर्ने । | जिविस सभापति, उपसभापति, सम्बन्धित जिल्लाका सांसदहरु, विषयगत संयोजक, विषयगत निकाय प्रमुख, कार्यक्रमसंग सम्बन्धित गैर सरकारी संघ संस्थाका प्रतिनिधिहरु तथा स्थानीयस्तरका महिला अधिकारवादी । | जिविस, विषयगत शाखा/कार्यालय, गैसस र निजी क्षेत्र | फागुनको दोस्रो हप्ता सम्ममा | नियमावलीको नियम १९९ (६) र ऐनको दफा १९८ (३) |
| बाह्रौं चरण : जि.वि.स वैठक | • जिल्लास्तरमा संचालन गर्ने वा केन्द्रस्तरवाट सहयोग प्राप्त गरी संचालित हुने महिला केन्द्रित आयोजनाहरुको छुट्टा छुट्टै वर्गीकरण तयार पारी जिल्ला विकास योजनाको मस्यौदालाई अन्तिम रुप दिने ।<br>• महिला सशक्तीकरणका योजनाहरुलाई जिल्ला विकास आयोजनाको रुपमा स्वीकृत गराउन जिल्ला परिषद्मा पेश गर्ने । | जि.वि.स. सभापति, उपसभापति र जि.वि.स का सदस्यहरु | जि.वि.स. | फागुनको तेस्रो हप्ता भित्र | नियमावलीको नियम १९९ (८) |
| तेह्रौं चरण : जिल्ला परिषद् | • प्रस्तावित महिला र पुरुष समविकास तथा महिला, दलित र जनजाति केन्द्रित कार्यक्रम तथा वजेटमा व्यापक छलफल गरी आवश्यक सुझाव सहित जिल्ला विकास योजना परिषद्बाट पारित गर्ने । | जिल्ला परिषदका पार्षदहरु | जि.वि.स. | फागुन मसान्त भित्रमा | नियमावलीबको नियम १९९ (९) |
| चौधौं चरण : जिल्ला विकास योजनाको कार्यान्वयन | • स्वीकृत जिल्ला स्तरीय योजना तथा कार्यक्रमहरुको कार्यान्वयन गर्ने तथा केन्द्रस्तरबाट कार्यान्वयन हुनु पर्ने योजना तथा कार्यक्रमहरुको हकमा विषयगत मन्त्रालयसंग सम्बन्धित निर्णय कार्यान्वयनका लागि सम्बन्धित विषयगत मन्त्रालयहरुमा पठाउने । | राष्ट्रिय योजना आयोग, स्थानीय विकास मंत्रालय | जि.वि.स. | चैत्र १० गते भित्र | नियमावलीको नियम १९९ (९) |

अनुसूची २

## स्थानीय निकायमा कार्यरत लैङ्गिक सम्पर्क व्यक्तिको कार्य विवरण

- स्थानीय स्तरका सरकारी, अर्धसरकारी तथा गैर सरकारी निकायहरुमा लैंगिक सम्पर्क व्यक्ति तोक्ने व्यवस्था मिलाउने ।
- लैङ्गिक वजेट लेखाजोखा गर्न सहजीकरण गर्ने र सोबाट प्राप्त पहिचान हुन आएका कमी कमजोरीहरु (Gap) हरु परिपूर्ति हुने गरी कार्ययोजना, बजेट विनियोजन गरी कार्यान्वयनको लागि सहजीकरण गर्ने ।
- स्थानीय निकायको लैंगिक निर्देशिकाको प्रावधान अनुसार लैङ्गिक खण्डिकृत सूचनाहरु केन्द्रमा व्यवस्थित गर्ने । व्यवस्थापकीय सूचना प्रणाली र भौगोलिक सूचना प्रणालीमा लैङ्गिक दृष्टिकोणवाट तथ्याङ्क अद्यावधिक गर्ने ।
- स्थानीय निकाय तथा विषयगत कार्यालयहरुको योजना तथा कार्यक्रम तर्जुमा गर्दा लैङ्गिक मूलप्रवाहीकरण र समावेशीकरणका प्रावधानहरुलाई समावेश गरी बजेट विनियोजनको सुनिश्चितताका लागि गर्ने व्यवस्था मिलाउन सहजीकरण गर्ने ।
- स्थानीय निकाय, विषयगत कार्यालय, गैर सरकारी संस्था र अन्तर्राष्ट्रिय संघ संस्थाहरुवाट तर्जुमा भएका लैंगिक मूलप्रवाहीकरण र समावेशीकरणसँग सम्वन्धित योजना तथा कार्यक्रमहरुको विवरण अद्यावधिक गरी सोको कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउन पहल गर्ने ।
- स्थानीय श्रोत परिचालन गरी रोजगारीको अवसर सृजना हुने अवस्थामा महिला, अवसरवाट बञ्चित वर्ग र समुदायको सहभागिता हुने गरी प्राथमिकता निर्धारण गर्ने ।
- घरेलु हिंसालाई दुरुत्साहित गर्न लैङ्गिक मूलप्रवाहीकरणका लागि स्थानीय निकायमा लैङ्गिक कक्ष ( जेण्डर डेस्क) स्थापना गर्न सहयोग पुर्‍याउने ।
- लैङ्गिक सशक्तीकरण, महिला विरुद्ध घरेलु हिंसा, महिला र पुरुष सम विकासका लागि भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु र सामाजिक समावेशीकरणका बारेका प्रशिक्षण गर्न सक्ने लैङ्गिक श्रोत व्यक्तिहरुको रोस्टर तयार पारी परिचालन गर्ने ।
- महिलाहरुको उत्थान र विकासमा काम गर्ने संघ संस्थाहरुको विवरण तयार र अध्यावधिक गर्ने ।
- प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार सुरक्षित गर्न आवश्यक व्यवस्था गर्ने तथा महिला हक अधिकारका लागि वकालत कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाउने ।
- महिला, दलित, बालबालिका, अपाङ्ग र आदिवासी जनजातिहरुलाई प्रत्यक्ष रुपमा लाभ पुग्ने जनचेतनामूलक, सीपमूलक, आयमूलक र स्वरोजगारमूलक तालिम कार्यक्रमहरुको तर्जुमा गरी संचालन गर्ने व्यवस्था मिलाउने
- जिविस पदाधिकारी र जिविस तथा विषयगत कार्यालयका कर्मचारीहरुलाई लैङ्गिक मूलप्रवाहीकरण, लक्षित समूहको आवश्यकता पहिचान तथा प्राथमिकीकरण जस्ता विषयहरुमा अभिमुखीकरण गर्ने गराउने ।
- आफू समेत संलग्न अनुगमन टोलीबाट स्थानीय निकाय एवं विषयगत कार्यालयहरुले योजना तर्जुमा गर्दा लैङ्गिक मूलप्रवाहीकरणका लागि कार्यक्रम तथा वजेट व्यवस्था गरे नगरेको, सो अनुरुप तर्जुमा भएका कार्यक्रमहरु लक्षित समूहमा पुग्ने गरी सफलतापूर्वक कार्यान्वयन भए नभएको विषयमा अनुगमन गर्ने तथा स्थानीय निकायको चौमासिक, अर्धवार्षिक तथा वार्षिक समीक्षा गर्दा र प्रभाव एवं असर मूल्याङ्कन गर्दा लैङ्गिक मूलप्रवाहीकरणका पक्षहरुलाई समावेश गर्ने गराउने ।
- स्थानीय निकाय र विषयगत निकायहरुमा लैङ्गिक बजेट परीक्षण निर्देशिका, २०६४ वमोजिम प्रत्येक आ.व. को पहिलो चौमासिकभित्र अघिल्लो आ.व. को लैंगिक वजेट परीक्षण गरी सोको प्रतिवेदन तयार पार्ने र उक्त प्रतिवेदन स्थानीय विकास मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र विषयगत मन्त्रालयहरुको लैंगिक सम्पर्क व्यक्तिलाई पठाउने ।

- सम्भव भएसम्म लैङ्गिक मूलप्रवाहीकरण सम्वन्धी कार्यक्रम संचालनका लागि विभिन्न निकायहरुवाट श्रोत जुटाई जिल्लामा महिला तथा वालवालिकाका लागि विशेष कोष स्थापना गर्ने व्यवस्था मिलाउन जिविसलाई सहयोग गर्ने ।
- नेपाल सरकारको लैङ्गिक सम्पर्क कार्यालयको रुपमा रहेको महिला विकास कार्यालयसंग समन्वय एवं सहकार्य गरी लैङ्गिक समविकासका क्रियाकलापहरु सन्चालन गर्ने गराउने ।
- गाविसको आन्तरिक आय र गाविस अनुदानबाट सन्चालन हुने कार्यक्रममा लैंगिक मूलप्रवाहीकरणका क्रियाकलापहरु समावेश गर्न लगाउने तथा जिविसमा हुने गाविस सचिव वैठकमा समेत सहभागी भै लैंगिक सम विकास सम्वन्धी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउन अभिप्रेरित गर्ने ।

अनुसूची ३

## लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धी संवैधानिक, कानूनी एवं नीतिगत प्रावधानहरु

### नेपालको अन्तरिम संविधान, २०६३ मा भएका व्यवस्थाहरु :

नेपालको अन्तरिम संविधान, २०६३ ले लैङ्गिक मूलप्रवाहीकरणमा विशेष जोड दिएको छ । सो संविधानको प्रस्तावनामा नै देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय तथा लैङ्गिक समस्याहरुलाई समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्ने संकल्प गरिएको छ । संविधानको धारा १३ (समानताको हक) मा महिलाको सशक्तीकरण वा विकासको लागि विशेष व्यवस्था गर्न सकिने कुरा  उल्लेख छ ।
त्यस्तै धारा २० (महिलाको हक) अन्तर्गत महिला भएकै कारणबाट कुनै भेदभाव नगरिने, प्रत्येक महिलालाई प्रजनन स्वास्थ तथा प्रजनन सम्बन्धी हक हुने, महिला विरुद्ध हिंसाजन्य कार्य गर्न नहुने र गरेमा दन्डनीय हुने तथा पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुने व्यवस्था गरिएको छ । धारा २१ (सामाजिक न्यायको हक ) मा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संचालनमा सहभागी हुने हक प्रदान गरिएको छ ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा महिला सम्बन्धी भएका व्यवस्थाहरु :
नेपालको अन्तरिम संविधान, २०६३ ले लैङ्गिक मूलप्रवाहीकरणमा विशेष जोड दिएको छ । सो संविधानको प्रस्तावनामा नै देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय तथा लैङ्गिक समस्याहरुलाई समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्ने संकल्प गरिएको छ । संविधानको धारा १३ (समानताको हक) मा महिलाको सशक्तीकरण वा विकासको लागि विशेष व्यवस्था गर्न सकिने कुरा  उल्लेख छ ।
त्यस्तै धारा २० (महिलाको हक) अन्तर्गत महिला भएकै कारणबाट कुनै भेदभाव नगरिने, प्रत्येक महिलालाई प्रजनन स्वास्थ तथा प्रजनन सम्बन्धी हक हुने, महिला विरुद्ध हिंसाजन्य कार्य गर्न नहुने र गरेमा दन्डनीय हुने तथा पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुने व्यवस्था गरिएको छ । धारा २१ (सामाजिक न्यायको हक ) मा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संचालनमा सहभागी हुने हक प्रदान गरिएको छ ।

स्थानीय स्वायत्त शासन ऐन तथा नियमावलीले लैङ्गिक मूलप्रवाहीकरण तथा महिला सशक्तीकरणका लागि गरेका महत्वपूर्ण व्यवस्थाहरू यस प्रकार रहेका छन् ।

- स्थानीय निकाय (गा.वि.स., नपा) को वडा स्तरमा २० प्रतिशत महिला प्रतिनिधित्वको लागि आरक्षणको व्यवस्था ।
- गाउँ तथा जिल्ला परिषद्मा मनोनीत गर्नु पर्ने ६ जनामा कम्तीमा १ जना महिला प्रतिनिधि मनोनयन गर्ने व्यवस्था ।
- नगर परिषद्मा मनोनीत गर्नुपर्ने ६ देखि २० जनामा सो को कम्तीमा ४० प्रतिशत महिला प्रतिनिधि मनोनयन गर्ने व्यवस्था ।
- स्थानीय निकायका सम्बन्धित कार्य समितिहरूमा सम्बन्धित स्थानीय निकायका परिषद्मा मनोनित मध्येबाट २ जना मनोनीत गर्ने व्यवस्था भएको, जसमध्ये १ जना महिला मनोनीत गर्नुपर्ने व्यवस्था ।
- स्थानीय निकायबाट गठन हुने उपभोक्ता समितिमा कम्तीमा ३३% प्रतिशत महिला सहभागी हुनुपर्ने व्यवस्था ।
- योजना तर्जुमा गर्दा महिला तथा पिछडिएका वर्गलाई प्रत्यक्ष लाभ पुग्ने योजनामा प्राथमिकता दिनुपर्ने व्यवस्था ।
- गाउँ विकास समिति तथा नगरपालिकाले आफ्नो कानूनी अधिकार अन्तर्गत गठन गर्ने मध्यस्थहरुको सूचीमा यथासम्भव महिलाहरूको प्रतिनिधित्व गराउनुपर्ने

व्यवस्था ।

**स्थानीय स्वायत्त शासन ऐन , २०५५ मा भएका दफागत व्यवस्थाहरु**

*भाग २ : गाउँ विकास सम्बन्धी व्यवस्था :*

१. दफा ७ - वडा समितिको गठनः

गाउँ विकास समितिको प्रत्येक वडाका प्रचलित कानून बमोजिम मतदाता हुन योग्यता पुगेका नेपाली नागरिकहरुले दफा १० बमोजिम गाउँ परिषदको सदस्यको लागि चाहिने योग्यता पुगेका व्यक्तिहरु मध्येबाट निर्वाचित गरेका देहाय बमोजिमका बडाध्यक्ष र वडा सदस्यहरु रहने गरी एक वडा समिति गठन हुनेछ ।

क) एक जना वडाध्यक्ष

ख) एक जना महिला वडा सदस्य

ग) तीन जना वडा सदस्यहरु

२. दफा ८- गाउं परिषद्को गठनः

उपदफा (२): गाउँ परिषद्मा देहाय बमोजिमका सदस्यहरु रहनेछन्; ख) प्रत्येक वडा समितिका वडाध्यक्ष, महिला वडा सदस्य र वडा सदस्यहरु ग) गाउँ विकास क्षेत्रभित्रका एक जना महिला सहित गाउँ परिषद्द्वारा मनोनीत ६ जना व्यक्तिहरु ।

३. दफा १२ - गाउं विकास समितिको गठनः

उपदफा (२) गाउँ विकास समितिमा देहाय बमोजिमका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरु रहनेछन्;

ग) दफा ८ को उपदफा (२) को खण्ड (ग) बमोजिमका गाउँ परिषद्का सदस्यहरु मध्येबाट एक जना महिला सहित गाउँ विकास समितिद्वारा मनोनीत दुई जना सदस्यहरु ।

४. दफा २८ - गाउं विकास समितिको काम, कर्तव्य र अधिकारः

उपदफा (१) को (छ) स्वास्थ्य सेवा सम्वन्धीः ४) परिवार नियोजन तथा मातृ शिशु कल्याण सम्वन्धी कार्यक्रम संचालन गर्ने ।

उपदफा (१) को (ट) विविधः (७) गाउँ विकास क्षेत्रभित्रका महिलाहरुको उत्थानका लागि आवश्यक योजना तयार गरी कार्यान्वयन गर्ने । (८) राष्ट्रिय नीति अनुरुप असहाय महिला, चेलीवेटी एवं नारी संरक्षण सम्वन्धी काम गर्ने गराउने ।

५. दफा ४३ गाउं विकास समितिको योजनाको तर्जुमाः

उपदफा (३): गाउँ विकास समितिले योजनाको तर्जुमा गर्दा देहाय बमोजिमका आयोजनाहरुलाई प्राथमिकता दिनु पर्नेछः

(ङ) महिला वर्गलाई प्रत्यक्ष लाभ हुने ।

उपदफा (५): आवधिक योजना तर्जुमा गर्दा निम्न विषय समावेश गर्नु पर्नेछः (घ) महिलाका लागि आयमूलक र सीपमूलक विकास कार्यहरु ।

*भाग ३ : नगरपालिका सम्बन्धी व्यवस्था :*

६. दफा ७५ - वडा समितिको गठन :

नगरपालिकाको प्रत्येक वडाका प्रचलित कानून वमोजिम मतदाता हुन योग्यता पुगेका नेपाली नागरिकहरुले निर्वाचित गरेका देहाय वमोजिमको वडाध्यक्ष र वडा सदस्यहरु गरी एक वडा समिति गठन हुनेछ :

(क) एक जना वडाध्यक्ष

(ख) एक जना महिला वडा सदस्य र

(ग) तीन जना वडा सदस्यहरु

७. दफा ७६ - नगर परिषदको गठनः

उपदफा (२): नगर परिषद्मा देहाय बमोजिमका सदस्यहरु रहनेछन्:

ख) प्रत्येक वडा समितिका वडाध्यक्ष, महिला वडा सदस्य र वडा सदस्यहरु

ग) नगरपालिका क्षेत्रभित्रका महिला सहित नगर परिषद्द्वारा मनोनीत कम्तीमा ६ जना र वढीमा २० जना व्यक्तिहरु । तर त्यसरी मनोनीत हुने व्यक्तिहरु मध्ये कम्तीमा चालीस प्रतिशत व्यक्तिहरु महिला हुनु पर्नेछ ।

८. दफा ८० - नगरपालिकाको गठनः

उपदफा (२): नगरपालिकामा देहाय बमोजिमका प्रमुख, उपप्रमुख र सदस्यहरु रहनेछन्: (ग) नगर परिषद्का सदस्यहरु मध्येवाट एक जना महिला सहित

नगरपालिकाद्वारा मनोनीत दुई जना सदस्यहरु

९. दफा ९६- नगरपालिकाको काम, कर्तव्य र अधिकार: उपदफा (१): को (छ) स्वास्थ्य सेवा सम्वन्धी:

(३) परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ्य सम्वन्धी कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गर्ने, गराउने ।

उपदफा (१) को (ज) समाज कल्याण सम्वन्धी:

(२) महिलाको हित र कल्याण सम्वन्धी कार्यक्रम संचालन गर्ने तथा अनैतिक पेशा व्यापार नियन्त्रण सम्वन्धी कार्य गर्ने, गराउने ।

१०.१०३ - मध्यस्थहरुको सूची:

उपदफा (३): मध्यस्थहरुको सूचीमा यथासम्भव महिलालाई समेत समावेश गर्नु पर्नेछ ।

११.दफा १११ -नगरपालिकाको योजनाको तर्जुमा:

उपदफा (४): नगरपालिकाको योजनाको तर्जुमा गर्दा देहाय बमोजिमका आयोजनाहरुलाई प्राथमिकता दिनु पर्नेछ:

(ङ) महिलालाई प्रत्यक्ष लाभ हुने ।

उपदफा (६) आवधिक योजना तर्जुमा गर्दा निम्न विषय समावेश गर्नु पर्नेछ: (घ) महिलाको लागि आयमूलक र सीपमूलक कार्यहरु

१२.दफा १७२ - जिल्ला परिषद्को गठन:

उपदफा (२): जिल्ला परिषद्मा देहाय बमोजिम सदस्यहरु रहनेछन्: ङ) जिल्ला भित्रका एक जना महिला सहित जिल्ला परिषद्द्वारा मनोनीत ६ जना व्यक्तिहरु

१३.दफा १७६ - जिल्ला विकास समितिको गठन:

उपदफा (२) जिल्ला विकास समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन्: (घ) जिल्ला परिषद्का सदस्यहरु मध्येबाट एक जना महिला सहित जिल्ला विकास समितिद्वारा मनोनीत दुई जना सदस्यहरु

१४.दफा १८९- जिल्ला विकास समितिको काम, कर्तव्य र अधिकार:

उपदफा (१) को (च): महिला विकास तथा असहाय सम्वन्धी:

१) जिल्ला विकास क्षेत्र भित्रका महिलाहरुको उत्थानको लागि आवश्यक योजना तयार गरी कार्यान्व्यन गर्ने ।

२) राष्ट्रिय नीति अनुरुप असहाय महिला संरक्षण सम्वन्धी कार्य गर्ने तथा चेलीवेटी एवं नारीको संरक्षण सम्वन्धी काम गर्ने गराउने । ढ) स्वास्थ्य सेवा सम्वन्धी: (२) परिवार नियोजन, मातृशिशु कल्याण, विस्तारित खोप, पोषण तथा जनसंख्या शिक्षा, जनस्वास्थ्य जस्ता कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गर्ने ।

१५.दफा १९० - उपसमिति गठन गर्ने:

उपदफा (२) जिल्ला विकास समितिले आफ्नो काममा सहयोग पुऱ्याउन आवश्यकता अनुसार गठन गर्ने उपसमितिमा महिला समावेश हुन सक्नेछन् ।

१६.दफा १९५ - जिल्ला विकास योजनाको तर्जुमा:

उपदफा (४) आवधिक योजना तयार गर्दा निम्न विषयहरु समावेश गर्नु पर्नेछ: घ) महिलाका लागि आयमूलक र सीपमूलक विकास कार्यहरु ।

१७.दफा २०१ - प्राथमिकता निर्धारण:

जिल्ला विकास योजना तर्जुमा गर्दा निम्न बमोजिमको कार्यक्रमलाई प्राथमिकता दिनु पर्नेछ:

(ङ) महिलाका लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरु ।

१८.दफा २३४ - नेपाल सरकारले निर्देशन दिन सक्ने:

नेपाल सरकारले स्थानीय निकायलाई महिलाको हितलाई आवश्यक प्राथमिकता दिए नदिएको विषयमा नियमित अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

उपदफा २ : उपदफा (१) वमोजिमको निर्देशन पालन गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

**गाउँ विकास समिति अनुदान कार्यक्रम संचालन कार्यविधि, २०६३ मा भएका महिला सम्वन्धी व्यवस्थाहरु**

१. दफा २ - उद्देश्य:

३. विकासमा पिछडिएका एवं मूलप्रवाहीकरण हुन नसकेका महिलाहरुको सशक्तीकरण गरी विकासमा पहुँच वढाउन ।

२. दफा ४.२ - आयोजना प्रस्ताव र स्वीकृति:

घ.आयोजना तर्जुमा गर्दा स्थानीय स्वायत्त शासन ऐनको दफा ४३ को उपदफा (३) र (६) मा उल्लेख भएका कुराहरुलाई र सो का अतिरिक्त देहायका कुराहरुमा ध्यान पुर्‍याउनु पर्नेछ :

ई) महिलाहरुको हित र कल्याणका लागि संचालन गरिने आयोजनाहरु ।

३. दफा ४.४- प्रस्तावित कार्यक्रम र बजेट तर्जुमा:

घ) साविकको पूँजीगततर्फको वजेटवाट निम्न क्षेत्रहरुमा लक्षित हुनेगरी मागको आधारमा आयोजनाहरु सञ्चालन गर्न कम्तीमा रु. एक लाख पचास हजारसम्म रकम छुट्याई कार्यक्रम सञ्चालन गर्न सकिनेछ । यसरी विनियोजित रकमवाट उपभोक्ताको सीप विकास, रोजगारी सृजना, क्षमता अभिवृद्धि तथा श्रोत साधनमा पहुँच पुर्‍याउने कार्यमा खर्च गर्नुका साथै यस्तो रकमवाट तल उल्लिखित क्षेत्रहरुमा सञ्चालन हुने अन्य कार्यक्रमसँग समायोजन कोष **(Matching Fund)** का रुपमा समेत राख्न सकिनेछ ।

- महिलाहरुको सशक्तीकरणका आयोजनाहरु
- आदिवासी/जनजातीको मूलप्रवाहीकरण तथा विकासका आयोजनाहरु
- दलित वर्गको मूलप्रवाहीकरणका आयोजनाहरु
- बालबालिकाको हित र कल्याण सम्बन्धी आयोजनाहरु
- अशक्त अपाङ्गहरुको हित र कल्याण सम्बन्धी आयोजनाहरु

४. दफा ५ - मानवीय संशाधन विकास सम्वन्धी व्यवस्था :

५.२ बुँदा ५.१ मा उल्लेखित उद्देश्य प्राप्तिको लागि चालू खर्च रु. २ लाखवाट देहाय वमोजिमका क्षेत्रहरुमा प्राथमिकताका साथ लगानी गर्न सकिनेछ - ग) स्थानीय जनतालाई अत्यावश्यक भएका जनस्वास्थ्य, मातृशिशु कल्याण सम्वन्धी कार्यक्रमहरुको तर्जुमा गरी संचालन गर्न । घ) समूहमा संचालन गरिने सामुदायिक तथा प्रजनन स्वास्थ्य, परिवार नियोजन र मातृशिशु कल्याण सम्वन्धी कार्यक्रमहरु संचालन गर्न ।

५. दफा ७.२ - उपभोक्ता समितिको गठन:

ख) गाउँ विकास समितिमा प्रत्येक योजनाका लागि गठन हुने उपभोक्ता समितिमा कम्तीमा ३३ प्रतिशत महिला अनिवार्य हुनु पर्नेछ ।

तीन-वर्षीय अन्तरिम योजना (२०६४/६५-२०६७/६८) ले महिलालाई तत्काल बढी रोजगार दिने कार्यकमलाई प्राथमिकता दिनु पर्ने, समावेशी विकास प्रकृया अवलम्वन गर्ने र त्यस्तो प्रकृया अवलम्वन गर्दा लैङ्गिक आधारमा बन्चित समूहहरुको सहभागगिता गराउनु पर्ने तथा महिला वर्गको लागि लक्षित कार्यकम संचालन गर्नु पर्ने कुरा सो योजनाको रणनीतिमा उल्लेख गरिएको छ । त्यस्तै उक्त योजनाले सामाजिक क्षेत्र सम्बन्धी नीति अन्तर्गत लैङ्गिक मूलप्रवाहीकरण, महिला विकास तथा सशक्तीकरण सम्बन्धी व्यवस्थाहरु गरेको छ ।

**छाउपडी प्रथा उन्मूलन गर्ने सर्वोच्च अदालतको आदेश :**

सर्वोच्च अदालतले २०६४ साल वैशाख १९ गते नेपालको सुदूर पश्चिमाञ्चलका सबै र मध्य पश्चिमान्चलका अधिकांश जिल्लाका लाखौं महिलाले मासिकश्राव भएको हरेक महिनाको ५-७ दिन सम्म छुवाछुत बारेर घरबाहिर गाई भैंसीको गोठ वा छुट्टै सानो छाप्रोमा बस्नु पर्ने चलनलाई एक महिना भित्र कुरीति घोषणा गर्न र यस सम्बन्धी आवश्यक कानून मस्यौदा गर्न समेत सरकारलाई आदेश दिएको छ ।

अनुसूची ४

## आधारभूत तथ्याङ्क

जिल्ला/नपा/गा.वि.स....................

जनसङ्ख्या : महिला-पुरुष

- ०-५ वर्षमुनिका बालक-बालिका
- ५-१० वर्षका केटा-केटी
- १० -१५ वर्षका किशोर-किशोरी
- १५-२४ वर्षका युवा-युवती
- २४-४९ वर्षका महिला- पुरुष
- ४९-६० वर्षका काम गर्ने उमेरका महिला-पुरुष
- ६०-७५ वर्ष वा सो भन्दा माथिका काम गर्न सक्ने महिला-पुरुष
- ७५ वर्ष वा सो भन्दा माथिका आश्रित बृद्ध-बृद्धा
- अपाङ्गता भएका बालक-बालिका, केटा-केटी, काम गर्ने उमेरका महिला-पुरुष र आश्रित बृद्ध-बृद्धा

| | | | |
|---|---|---|---|
| दलित: | क) | महिला-पुरुष | ख) बालक-बालिका |
| जनजाति: | क) | महिला-पुरुष | ख) बालक-बालिका |
| अन्य | क) | महिला-पुरुष | ख) बालक-बालिका |

- महिला घरमूली सङ्ख्या
- आगमन र वहिर्गमन गर्ने जनसङ्ख्या: क) आन्तरिक ख) अन्तर्राष्ट्रिय

*द्रष्टव्य*

*१. लैङ्गिक बजेट परीक्षण गर्दा उपर्युक्त सबै सूचना जिल्ला, गाउँ विकास समिति तथा नगरपालिका स्तर अनुसार छुट्ट्याई राख्नुपर्दछ । साथै उपलब्ध भएसम्म चेलीबेटी ओसार-पसार, महिलाविरुद्ध हुने हिंसा तथा असहज परिस्थितिमा रहेका बालबालिकासम्बन्धी सूचनासमेत राख्नुपर्दछ ।*

*२. लैङ्गिक खन्डिकृत आधारभूत तथ्याक स्थापित गर्न जिल्ला पार्श्वचित्र (District Profile) लाई आधार मान्नु पर्ने तर सो पार्श्वचित्र २०५८ भन्दा पछाडि अध्यावधिक गरेको छैन भने २०५८ भन्दा अगाडिको सूचनालाई नै आधार मान्नु पर्नेछ ।*

अनुसूची ५

## क्षेत्रगत लैङ्गिक खण्डीकृत तथ्याङ्क

(लैङ्गिक बजेट परीक्षण गर्दा यो तथ्याङ्क भएमा अध्यावधिक र नभएमा संकलन गर्ने )

जिल्ला ⁄ नपा ⁄ गा.वि.स...................... वर्ष ..........

| क्षेत्र | सूचना |
|---|---|
| शिक्षा : | |
| | साक्षरतादर: महिला-पुरुष |
| | विद्यालय भर्नादर : बालक-बालिका |
| | खूद विद्यालय भर्नादर: बालक-बालिका |
| | विद्यालय तह पूरा गर्ने दर: बालक–बालिका |
| | कक्षा ५ सम्म विद्यालयमा रहने दर: बालक–बालिका |
| | विद्यालय व्यवस्थापन समितिका सदस्यहरुको लैङ्गिक अनुपात |
| | प्रा.वि., नि.मा.वि., उच्च मा.वि. र क्याम्पसका शिक्षकको लैङ्गिक अनुपात |
| स्वास्थ्य : | |
| | परिवार नियोजनका साधनको प्रयोगदर |
| | परिवार नियोजनका साधन प्रयोगकर्ताको लैङ्गिक अनुपात |
| | तालिमप्राप्त सुँडेनीको रेखदेखमा बच्चा पाउने गर्भवतीको अनुपात |
| | स्वास्थ्य संस्थामा बच्चा पाउने गर्भवतीको अनुपात |
| | ३ वर्षमुनिका कम तौल हुने बच्चाको अनुपात |
| | शिशु, बाल र मातृ मृत्युदर |
| | एचआईभी, एड्स सङ्क्रमण स्थिति |
| | स्वास्थ्य चौकी/उप-स्वास्थ्य चौकी व्यवस्थापन समितिका सदस्यको लैङ्गिक अनुपात |
| कृषि : | |
| | कृषि प्रसार तालिम, भ्रमण तथा अन्य कृषि विकास कार्यक्रमका सहभागीको लैङ्गिक अनुपात |
| | महिला कृषक समूहको अनुपात |
| | कृषक समूहका सदस्यको लैङ्गिक अनुपात |
| घरेलु, लघु तथा साना उद्यम : | |
| | सीप विकास तालिमका सहभागीको लैङ्गिक अनुपात |
| | उद्यमी विकास तालिमका सहभागीको लैङ्गिक अनुपात |
| | महिला उद्यमीको स्वामित्व वा साझेदारीमा दर्ता भएका घरेलु, लघु तथा साना उद्यम |
| | चालु रहेका घरेलु, लघु तथा साना उद्यममध्ये महिला स्वामित्व वा साझेदारीका उद्यमको अनुपात |
| | जिल्ला घरेलु तथा साना उद्योग संघको कार्यकारी समितिका सदस्यको लैङ्गिक अनुपात |
| प्राकृतिक स्रोत व्यवस्थापन : | |
| | वन व्यवस्थापन तालिमका सहभागीको लैङ्गिक अनुपात |
| | जलाधार व्यवस्थापन तालिमका सहभागीको लैङ्गिक अनुपात |
| | महिला वन उपभोक्ता समितिका सदस्यको लैङ्गिक अनुपात |
| | वन उपभोक्ता समिति सदस्यको लैङ्गिक अनुपात |

| | |
|---|---|
| | जलाधार व्यवस्थापन कार्यक्रमअन्तर्गतका विभिन्न समूह सदस्यको लैङ्गिक अनुपात |
| | गाउँ विकास कार्यकम (सामाजिक परिचालन ) अन्तर्गतका विभिन्न समूह सदस्यको लैङ्गिक अनुपात |
| | कृषि भूमिको स्वामित्वमा लैङ्गिक अनुपात |
| खानेपानी: | |
| | शुद्ध खानेपानी सुविधा पाएको जनसङ्ख्याको अनुपात |
| | खानेपानी उपभोक्ता समिति सदस्यको लैङ्गिक अनुपात |
| | शुद्ध खानेपानी सुविधा पाएको वर्ग (दलित र जनजाति वा अन्य) को अनुपात |
| | खानेपानी तथा सरसफाई तालिममा भाग लिने सदस्यको लैङ्गिक अनुपात |
| | पानी बोक्ने र सरसफाई सम्बन्धी काममा संलग्न परिवारका सदस्यको लैङ्गिक अनुपात |
| | ग्रामीण पूर्वाधार योजनामा निर्णय गर्ने र कार्यान्वयन गर्ने सदस्यको लैङ्गिक अनुपात |
| स्वायत्त शासन: | |
| | स्थानीय निकायमा कूल निर्वाचित मध्ये लैङ्गिक अनुपात |
| | स्थानीय निकायका परिषद् सदस्यको लैङ्गिक अनुपात |
| | स्थानीय निकायका कार्यकारिणी समिति सदस्यको लैङ्गिक अनुपात |
| | स्थानीय निकायका सभापति र उपसभापतिको लैङ्गिक अनुपात |
| | स्थानीय निकायका कर्मचारी तथा सल्लाहकारको लैङ्गिक अनुपात |
| रोजगार : | |
| सूचक : उत्पादनशील कार्यमा महिलाहरु : | |
| कृषिमा संलग्नता | कृषि पेशामा महिला संलग्नता अनुपात |
| उद्योगमा संलग्नता | उद्योगमा संलग्न भएका महिला र पुरुषको अनुपात |
| अनौपचारिक कार्यमा संलग्नता | |
| व्यवसाय आदिमा संलग्नता | व्यापारमा संलग्न महिला र पुरुषको अनुपात |
| शैक्षिक क्षेत्रमा संग्लनता | |
| प्रशासनिक क्षेत्रमा संग्लनता | |
| नोकरी | जिल्ला तथा नगरपालिका भित्र सरकारी एवं गैर सरकारी कार्यालयहरुमा कर्मचारीको लैङ्गिक अनुपात |
| व्यापार | |
| राजनीतिमा महिला सहभागीता : | |
| | वडास्तरमा<br>गा.वि.स. स्तरमा<br>जि.वि.स. स्तरमा<br>नगरपालिका स्तरमा |
| | राष्ट्रिय स्तर ( आफ्नो जिल्ला र नगरपालिकाबाट) संसदमा |

| सामुदायिक भूमिका: | |
|---|---|
| | स्थानीय निकायको औपचारिक वैठकमा ( वार्षिक, चौमासीक र योजना तर्जुमा ) गर्ने प्रतिनिधित्वको लैङ्गिक अनुपात |
| | उपभोक्ता समितिहरुमा लैङ्गिक अनुपात |
| | राजनीतिक दल तथा तिनका भातृ तथा संगठनमा लैङ्गिक अनुपात |
| घरेलु र सामाजिक उत्पीडनको स्थिति : | |
| | महिला र पुरुषमा समान ज्यालाको स्थिति |
| | महिला विरुद्ध हुने भेदभाव सम्बन्धी कुरीतिहरु र परम्पराको चित्रण जस्तै :<br>वाल विवाहको प्रतिशत<br>वहु विवाह प्रतिशत<br>छाउपडी प्रथा प्रतिशत<br>वेच विखन अवस्था<br>कूल हिंसाका घटनामा महिला विरुद्ध हिंसाको अनुपात |
| अन्य : | |
| | महिला र वालवालिकाको जन्म, विवाह र मृत्यु |
| | पुनः स्थापित भएका महिला र पुरुषको संख्या |
| | पुनः स्थापित गर्ने संस्थाहरु , स्थानीय निकायहरु |
| | विभिन्न सेवा सुविधाहरुमा पहुँच, सहभागिता र श्रोत साधन माथिको नियन्त्रण सम्बन्धी विवरण । |

*द्रष्टव्य*

*(१) स्थानीय अनुकुलता अनुसार क्षेत्र र सूचनामा यथोचित थपघट, संशोधन गर्नुपर्ने भए गर्नुपर्दछ ।*

*(२) सूचना राख्दा आदिवासी जनजाति र दलित महिला – पुरुषको स्थितिसमेत छुट्टिने गरी राख्नुपर्दछ ।*

*(३) माथि अनुपात, प्रतिशत र दर उल्लेख गरिएको छ । सूचना सङ्कलन गर्दा वा राख्दा भने अनुपात, प्रतिशत र दरमा नभै सङ्ख्यामा गर्नु वा राख्नुपर्दछ । जस्तै- कृषक समूह सदस्यको लैङ्गिक अनुपात भनिएकोमा कृषक समूहका पुरुष सदस्य सङ्ख्या, कृषक समूहका महिला सदस्य सङ्ख्या र कृषक समूहका जम्मा सदस्य सङ्ख्या उल्लेख गर्नु पर्दछ । यसरी सङ्ख्यात्मक सूचनालाई संख्या ( **Number**) मा लिई भण्डारन गर्दा गणना गल्ती फेला पार्न सकिनुका साथै सूचनाको वहुपयोग र उपादेयता बढ्ने हुन्छ ।*

*(४) कुनै पनि सूचना लिंदा वा भन्डारन गर्दा कुनै निश्चित वर्षलाई नै आधार मान्नु पर्दछ जुन आर्थिक वर्ष वा क्यालेन्डर समय तालिका अनुसार हुनु पर्दछ ( निश्चित समयको अन्तरालमा) ।*

*(५) तालिमका सहभागीको लैङ्गिक अनुपात विषय अनुसार राख्नु पर्नेछ तर परियोजनाको हकमा लाभान्वित कुल जनसंख्या वा घरधुरीको लैङ्गिक अनुपात उल्लेख गर्नु पर्दछ । अत: सूचनाको प्रकृति हेरी कसरी राख्ने भन्ने पहिले नै तय गर्नुपर्दछ ।*

अनुसूची ६

## सरोकारका क्षेत्र अनुसार लैङ्गिक मूलप्रवाहीकरण बजेट विनियोजन फारम

(यो फारम स्थानीय निकायको लैङ्गिक बजेट परीक्षण गर्दा विश्लेषण गर्ने र छुट्याएको रकमबाट कार्यक्रम तय गर्ने )

| बाह्रवटा सरोकारका क्षेत्रहरु | कार्यक्रमको नाम | लक्षित | | स्थान | बजेट | सरोकारवाला |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | | | |
| महिला र गरीवी | | | | | | |
| महिला शिक्षा र तालिम | | | | | | |
| महिला र स्वास्थ | | | | | | |
| महिला विरुद्धको हिंसा | | | | | | |
| महिला र सशस्त्र संघर्ष | | | | | | |
| महिला र अर्थतन्त्र | | | | | | |
| महिला विकासका लागि संस्थागत संरचना | | | | | | |
| शक्ति संरचना र निर्णायक तहमा महिला | | | | | | |
| महिला र मानव अधिकार | | | | | | |
| महिला र सन्चार | | | | | | |
| महिला र वातावरण | | | | | | |
| वालिका | | | | | | |
| *अन्य कार्यक्रमहरु* | | | | | | |
| महिला विरुद्ध हिंसा घटाउने कार्यक्रमहरु | | | | | | |
| सहस्राव्दी विकासका लक्ष्यहरु प्राप्ति गर्ने कार्यक्रमहरु | | | | | | |
| प्रत्येक वर्ष मार्च ८ गते महिला दिवस मनाउने कार्यक्रमहरु | | | | | | |

## लैङ्गिक संवेदनशील बजेट परीक्षण बिधि

संस्थागत लेखाजोखाको लागि प्रयोग गरिने विधिमा स्थानीय निकायको नीतिमा लैङ्गिक विकास, लैङ्गिक उत्तरदायी कार्यक्रम, आन्तरिक संरचना र मानव संसाधन, सम्बन्ध विस्तार तथा नेपाल सरकारका प्रतिवद्धताहरु गरी प्रमुख चारवटा शीर्षकहरु भित्र पाँच/पाँच वटा उपशीर्षकहरु राखिएका छन् । ती उपशीर्षकलाई प्रष्ट वनाउनका लागि प्रत्येक उपशीर्षकमा दुई देखि पाँच वटा प्रश्नहरु राखिएका छन् । तिनै प्रश्नहरुको आधारमा स्थानीय निकायका पदाधिकारीहरु र कर्मचारीहरुसंग छलफल गर्नुपर्ने हुन्छ । छलफलको आधारमा उक्त बुंदामा राम्रो देखिएमा (+) , मध्यम देखिएमा (+/–) र सुधार गर्नु पर्ने देखिएमा वा नभएमा (–) संकेत/चिन्हहरु प्रदान गर्नु पर्नेछ ।

यसरी यी चिन्हहरुको आधारमा प्रत्येक उपशीर्षकले १ देखि ४ सम्म अंक प्राप्त गर्न सक्नेछ । यस अनुसार ५ वटै शीर्षकको योग वा जोड ५ देखि २० अंकको बीचमा रहनेछ । अन्तमा विभिन्न शीर्षकहरुमा प्राप्त अंकहरुलाई माकुरीजालोको चित्र **(Spider Diagram)** वनाई सहभागीहरु माझ उक्त नमुना चित्रमा राखिनेछ । सो चित्रले देखाएका राम्रा पक्षहरुलाई निरन्तरता दिंदै, आगामी दिनहरुमा स्थानीय निकायलाई एक आदर्श निकायको रुपमा स्थापित गर्न, कमजोरीहरु हटाउन, आवश्यकताहरुको पहिचान गरी लैङ्गिक विकासका लागि एकीकृत कार्य योजना वनाई अगाडि बढाउन यो लैङ्गिक संवेदनशील संस्थागत लेखाजोखाले मद्दत पुर्‍याउनेछ ।

संस्थागत लेखाजोखाका प्रकृया :

१ स्थानीय निकायका पदाधीकारीहरु र कर्मचारीहरुको सहभागीताद्वारा संस्थागत लेखाजोखाको ढांचा अनुरुप प्रश्नावलीहरुमा छलफल गरी चिन्ह (+, +/–, – ) लगाउनु पर्ने छ ।

२ प्रत्येक प्रश्नावलीमा पाएको अंकको आधारमा संस्थाको वर्तमान अवस्था माकुरेजालोमा चित्रण गर्नुपर्नेछ ।

३ प्राप्तांक र चित्र छलफलको आधारमा स्थानीय निकायको सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरु पहिचान गरिनेछ ।

४ पहिचान गरिएका र सुधार गर्नु पर्ने पक्षरुलाई समाधान गर्ने हिसावले कार्य योजना तयार गरिनेछ ।

५ यस कार्य योजनालाई स्थानीय निकायले नियमित अनुगमन गरी सुधार भएका पक्षहरुलाई माकुरी जालोमा थप्दै उपलब्धिहरुलाई आंकलन गर्नु पर्ने हुन्छ । साथै सुधार गर्नु पर्ने पक्षहरुलाई पुनः कार्य योजना वनाई निरन्तर कार्यान्वयन गर्नु पर्ने हुन्छ ।

लैङ्गिक संवेदनशील बजेट परीक्षणका सूचकहरु :

| १. स्थानीय निकायको नीतिमा लैङ्गिक विकास | | |
|---|---|---|
| सूचक | | चिन्ह/अंक |
| १.१ | स्थानीय निकायको नीति र योजनामा लैङ्गिक विकास (अलग्गै, आवधिक र वार्षिक योजनामा) | |
| क | के स्थानीय निकायको नीतिमा महिला पुरुष समविकास सम्बन्धी स्पष्ट दीर्घकालीन सोंच वा परिकल्पना छ ? | |
| ख | के स्थानीय निकायको उद्देश्यले महिला पुरुषबीच समानताका कुराहरुलाई समेटेको छ ? | |
| ग | के महिला र पुरुषबीचको असमानता हटाउनको लागि संस्थाको निश्चित कार्यनीति छ ? | |
| घ | स्थानीय निकायमा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था छ ?(महिला सेल वा लैङ्गिक विकास डेस्क र लैङ्गिक सम्पर्क व्यक्ति छ ? ) | |
| १.२ | महिला पुरुष समविकास र कर्मचारी/पदाधिकारी | |
| क | के महिला तथा पुरुष कर्मचारीहरुको संख्यामा समानता छ । (जिल्ला विकास समितिले नियुक्ति गर्नेको हकमा मात्र लागु हुने ) | |
| ख | के स्थानीय निकायको  निर्णायक तहमा (कर्मचारी/पदाधिकारी) महिलाहरुको समान ( ५०/५०) प्रतिनिधित्व रहेको छ ? (लेखा, प्राविधिक र कार्यालय प्रमुख ) समान भएमा (+), ३० देखि ४९ प्रतिशत भन्दा कम भएमा (+/-) र ३० भन्दा कम भएमा (-) चिन्ह दिने । | |
| १.३ | लैङ्गिक विकासको लागि बजेट | |
| क | के स्थानीय निकायका सबै पदाधिकारी/कर्मचारीहरुले लैङ्गिक विकास सम्बन्धी तालिम लिएका छन् ?<br>के तालिम/अनुशिक्षण/गोष्ठी संचालन गर्न गत: वर्ष पर्याप्त रकमको व्यवस्था थियो ?<br>(पर्याप्त रकम भन्नाले सबै पदाधिकारी/कर्मचारी देखि गा.वि.स.का सचिवहरुसम्मलाई तालिम दिन आवश्यक पर्ने रकम) | |
| ख | गतवर्षको कार्यक्रम बजेटमा  महिला सशक्तीकरण सम्बन्धी कृयाकलापमा खर्च गरिएको रकम । (५ % भन्दा कम भएमा (-) , ५ देखि १० % भएमा (+/-) र १० % भन्दा वढी भएमा (+) चिन्ह दिने । (आन्तरिक श्रोतबाट) | |
| १.४ | निर्णय प्रकृयामा महिला पुरुष | |
| क | उपभोक्ता समिति गठन प्रकृयामा महिलाहरुको सहभागिता कति छ ? ( ३३ प्रतिशत देखि  ४९ भए (+/-)  र ५० प्रतिशत भन्दा माथि  (+) ) । | |
| ख | कार्यकम र बजेटको बाँडफाँड तथा प्राथमिकीकरण र स्थान छनौट लागि छलफल गर्ने प्रकृयामा महिला र पुरुषलाई समान रुपमा सहभागी गराईन्छ ?<br>(इलाका स्तरसम्म) | |
| ग | महिला कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि निर्दिष्ट कार्यकमहरु : (प्राबिधिक तालिमहरु, क्षमता विकास तालिम, भ्रमण) छन् ? सो अनुसारको वजेट विनियोजन गरिएको छ ? | |
| १.५ | महिला संवेदनशिल कार्य प्रणाली | |
| क | महिला कर्मचारीहरुको गर्भावस्था सम्बन्धी संवेदनशीलतालाई ध्यान दिने गरिएको छ ?(गर्भवती महिलालाई कामबाट निकाल्न नपाइने, खतरा युक्त काममा लगाउन नपाइने) | |
| ख | महिला कर्मचारीहरुको लागि अलग्गै शौचालयको व्यवस्था छ ? | |
| ग | वच्चालाई स्तनपान गराउन समय दिइने व्यवस्था छ ?<br>वच्चा हेरचाह गर्ने (Child care) को  व्यवस्था छ ? | |
| घ | कर्मचारीहरुको कार्यविवरण (**Job Discriptions**)  मा लैङ्गिक विकासका लागि सम्पन्न गर्नुपर्ने कार्य विवरणहरु पनि तोकिएका छन् ? | |
| लैङ्गिक विकासमा प्राप्ताङ्क | | |

| २. लैङ्गिक उत्तरदायी कार्यक्रम | | |
|---|---|---|
| सूचक | | चिन्ह/अंक |
| २.१ | कार्यक्रम तर्जुमा गर्दा लक्षित समूहको सहभागिता | |
| क | के स्थानीय निकायले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना/तथ्याँक संकलन गर्ने गरेको छ ? (जाति, मधेशी, आदिवासी जनजाति, दलित र मुस्लिमका महिला र पुरुष), | |
| ख | के कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, जनजाति, मधेशी र दलितका समूहहरुसंग बसेर समस्या केलाउने (विश्लेषण गर्ने) गरिन्छ ? विपन्ता स्तरीकरण भएको छ ? (दुवै भए (+) र एक मात्र भएमा (+/–) चिन्ह दिने । ) | |
| ग | के स्थानीय निकायको योजना लक्षित समूहहरुले तयार गरेको कार्यक्रममा आधारित हुन्छ ? | |
| घ | के स्थानीय निकायको योजना विभिन्न समूहहरुको आवश्यकतामा आधारित हुन्छ ? | |
| २.२ | महिला उत्थानका लागि कार्यक्रमहरु | |
| क | महिलाहरुको स्वास्थ सुधार सम्बन्धी विशेष कार्यक्रमहरु संचालित भएका छन् ? (जस्तो:सुत्केरी हुँदाको अवस्था सुधार गर्न, किशोरीहरुको लागि प्रजनन र यौन शिक्षा आदानप्रदान गर्न, एचआईभी एड्स, स्तन क्यान्सर, पाठेघरको क्यान्सर र आङ्ग खस्ने अवस्था सुधार गर्न, स्वास्थ शिविरहरु राख्न)<br>सवै काम भएमा (+) चिन्ह, आधा काम भएमा (+/–) चिन्ह र आधा भन्दा कम भएमा (–) चिन्ह दिने । | |
| ख | महिलाहरुको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरु संचालित भएका छन् ? जस्तो : (अभिभावक शिक्षा, प्रौढ तथा किशोरी कक्षाहरु, साथी शिक्षा, कार्यमूलक प्रौढ शिक्षा, बच्चा देखि बच्चा कक्षा, आदि ) | |
| ग | महिलाहरुको लागि कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरु संचालित भएका छन् ? (जस्तो: कानूनी हक अधिकार, एकल महिला, पारालिगल समिति गठन र चेलिबेटी बेचविखन विरुद्ध कार्यक्रममा छाउपडी प्रथा विरुद्ध कार्यक्रम आदि वारे अनुशिक्षण गर्न) | |
| २.३ | स्थानीय स्वायत्त शासन ऐनमा भएका प्रावधान अनुसारका कार्यक्रमहरु | |
| क | परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण , जनसंख्या शिक्षा र जनस्वास्थ सम्बन्धी कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गर्ने गराउने गरिएको छ ? | |
| ख | स्थानीय निकायको योजना तर्जुमा गर्दा महिलालाई प्रत्यक्ष लाभ हुने र महिलाको लागि स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरु राख्ने गरिएको छ ? | |
| २.४ | योजना तर्जुमा र कार्यान्वयनमा लैङ्गिक विकास | |
| क | के वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिक विकासका लक्ष्य तोकिएको कार्ययोजना तयार पार्ने गरिन्छ ? | |
| ख | के गत वर्षको वार्षिक योजना अनुसार लैङ्गिक विकास कार्य योजनाका सवै कृयाकलापहरु सम्पन्न भए ? | |
| ग | के योजना तर्जुमा गर्दा महिला र पुरुषको अवस्था विश्लेषण र यथास्थितिको लेखाजोखा गर्ने गरिन्छ ? | |
| घ | के योजना तर्जुमा गर्दा महिला र पुरुषको छुट्टा छुट्टै अवश्यकता पहिचान गर्ने गरिएको छ ? र सो अनुसारको कार्यक्रम गर्ने गरिएको छ ? | |
| २.५ | अनुगमन र मूल्याङ्कन | |
| क | अनुगमन समितिमा महिलाको सहभागिता के कम्तीमा ३३ प्रतिशत छ ? | |
| ख | के स्थानीय निकायमा अनुगमन, मूल्याङ्कन गर्दा लैङ्गिक विकासका कार्यक्रमको संचालनबाट महिला र पुरुष तथा विभिन्न जाति, जनजातिलाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ ? | |
| ग | के स्थानीय निकायमा लैङ्गिक विकासका असर अनुगमनको लागि प्रभावकारी नीति तथा पद्धति छ ? | |
| घ | के अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरु कार्यक्रम वा योजना | |

| | | |
|---|---|---|
| | तयार गर्दा समावेश गर्ने गरिन्छ ? | |
| लैंगिक उत्तरदायी कार्यक्रममा प्राप्ताङ्क | | |

| ३. आन्तरिक संरचना | | |
|---|---|---|
| सूचक | | चिन्ह/अंक |
| ३.१ | स्थानीय निकायमा महिला सदस्य मनोनयन र सहभागिता | |
| क | जिल्ला विकास समितिमा एक जना महिला सदस्य मनोनीत गरिएको छ ? | |
| ख | जिल्ला परिषद्मा दुई जना महिला सदस्यहरु मनोनीत गरिएका छन् ? | |
| ग | आदिवासी जनजाति विकासको लागि गठन भएको समितिमा निर्देशिका वमोजिम महिला सहभागिता छ ? | |
| घ | दलित वर्ग उत्थानका लागि गठन भएको समितिमा निर्देशिका वमोजिम महिला सहभागिता छ ? | |
| ३.२ | वित्त तथा लेखा व्यवस्थापन | |
| क | महिला विकासको लागि छुट्टै कोष स्थापना गरिएको छ ? | |
| ख | आदिवासी जनजाति महिलाहरुको विकासको लागि वजेटको व्यवस्था भएको छ ? सो अनुसार कार्यक्रम पहिचान गरिएको छ ? | |
| ग | दलित वर्गका महिलाहरुको विकासको लागि वजेटको व्यवस्था भएको छ ? सो अनुसार कार्यक्रम पहिचान गरिएको छ ? | |
| घ | कम्युटरकृत लेखा प्रणाली व्यवस्थापन गरिएको छ ? | |
| ३.३ | आर्थिक व्यवस्थापन | |
| क | के स्थानीय निकायको प्रशासनिक खर्च (ओभरहेड) सकेसम्म थोरै र स्वीकार्य परिधिभित्र रहेको छ ? | |
| ख | के आन्तरिक लेखापरीक्षक (आलेप) बाट लेखापरीक्षण गराइन्छ ? | |
| ग | के महालेखापरीक्षक (मलेप) बाट लेखापरीक्षण गराई सो को प्रतिवेदन सम्बन्धित सबैको जानकारीका लागि सूचना केन्द्रमा राखी सार्वजनिक गर्ने गरिन्छ ? | |
| ३.४ | पारदर्शिता | |
| क | के स्थानीय निकायले नियमित रुपमा कार्यक्रमको सार्वजनिक सुनुवाई गर्ने गर्दछ ? | |
| ख | के महिलालाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सार्वजनिक हुने गरेको छ ? | |
| ग | के आदिवासी जनजातिलाई लक्षित गरेर कार्यक्रम राखेको छ र सो कार्यक्रमको बजेट सार्वजनिक हुने गरेको छ ? | |
| घ | के दलित वर्गलाई लक्षित गरेर कार्यक्रम राखेको छ र सो कार्यक्रमको बजेट सार्वजनिक हुने गरेको छ ? | |
| ङ | के स्थानीय निकायले नियमित रुपमा आफ्नो नीति तथा कार्यक्रमको लैङ्गिक बजेट परीक्षण गर्ने गरेको छ ? | |
| ३.५ | सूचना व्यवस्थापन | |
| क | के स्थानीय निकायमा विभिन्न माध्यमद्वारा सूचना प्रवाह हुने गर्दछ ? (औपचारिक अथवा अनौपचारिक) | |
| ख | के लैङ्गिक सशक्तीकरणका लागि भएका कार्यक्रमहरुको प्रतिवेदन तयार गर्ने गरिएको छ ? | |
| ग | के स्थानीय निकायले आआफ्ना क्षेत्रका पन्जीकरणको तथ्याँक अध्यावधिक गर्ने गरेका छन् ? | |
| घ | के स्थानीय निकायमा तथ्याँकलाई कम्प्युटरकृत गरिएको छ ? | |
| आन्तरिक संरचनामा प्राप्ताङ्क | | |

४. मानव संसाधन, सम्बन्ध विस्तार तथा नेपाल सरकारका प्रतिवद्धताहरु


| सूचक | | चिन्ह/अंक |
|---|---|---|
| ४.१ | मानव संसाधन व्यवस्थापन | |
| क | स्थानीय निकायमा लैङ्गिक मूलप्रवाहीकरण  समन्वय समिति गठन भएको छ ? | |
| ख | स्थानीय निकायमा लैङ्गिक तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय श्रोत छन् ? | |
| ग | स्थानीय निकायमा मानव संसाधन विकास केन्द्र/इकाई छ ?<br>श्रोत व्यक्तिहरुको सूचीकृत अभिलेख छ ? | |
| ४.२ | संबन्ध विस्तार | |
| क | लैङ्गिक विकासको लागि विभिन्न  कार्यालयहरुबीच कार्यगत संयन्त्र ( संजाल) बनेको छ ? | |
| ख | स्थानीय निकायका कर्मचारीहरुले आन्तरिक र वाह्य श्रोत व्यक्तिहरुसंग मिलेर लैङ्गिक प्रभाव संम्बन्धी अध्ययन गर्ने गरेका छन् ? | |
| ४.३ | व्यावहारिक र रणनीतिक आवश्यकता परिपूर्ति | |
| क | योजना तर्जुमा गर्दा महिलाहरुको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल भएको छ ? | |
| ख | ग्रामीण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिक) तयार गर्ने गरेको छ ? | |
| ग | लैङ्गिक मूलप्रवाहीकरण लागि जिल्लाका अल्पकालीन  (वार्षिक) र दीर्घकालीन (वहुवार्षिक) योजना तयार गरिएको छ ? | |
| घ | महिलाहरुको लागि लोक सेवा आयोग पूर्व  तयारी कक्षाका लागि तालिमको व्यवस्था गरेको छ ? | |
| ४.४ | नेपाल सरकारका लैङ्गिक विकासका नीति र प्रतिवद्धताहरुको कार्यान्वयन | |
| क | सहस्राब्दी विकासका लक्ष्यहरु (लक्ष्य नं ३ र ४) प्राप्त गर्ने  कार्यक्रमहरु  र सो अनुसारको बजेट विनियोजन गरेको छ ? | |
| ख | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरुका बारेमा स्थानीय निकायका पदाधिकारीहरु वा कर्मचारीहरुलाई जानकारी छ ? सोको लागि अभिमुखीकरण गरिएको छ ? | |
| ४.५ | महिला विरुद्ध हुने सबै खाले हिंसा निर्मूल पार्ने | |
| क | महिला विरुद्ध सबै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरु र सो अनुसारको बजेट विनियोजन हुने गरेको छ ? | |
| ख | हरेक वर्ष अति उत्कृष्ट कार्य गर्ने महिलाहरुलाई  सम्मान गर्ने कार्यक्रम मनाउने गरिएको छ ? | |
| मानव संसाधन, सम्बन्ध विस्तार तथा नेपाल सरकारका प्रतिवद्धताहरुमा प्राप्ताङ्क | | |

## सूचक तथा उपसूचकहरुलाई दिईएको चिन्हहरुको आधारमा सूचकहरुको अंक निर्धारण गर्ने तालिका

| सूचकहरुलाई दिईएको चिन्हहरुको आधारमा सूचकहरुको अंक निर्धारण गर्ने तालिका | | | | |
|---|---|---|---|---|
| अंङ्क | १. कमजोर | २. मध्यम | ३. राम्रो | ४. अति राम्रो |
| उपसूचकहरुलाई दिईने चिन्ह | - -<br>- - -<br>- - +/-<br>- - - -<br>- - - +/-<br>- - +/- +/-<br>- - - +<br>- - - - -<br>- - - - +/-<br>- - - - +<br>- - - +/- +/- | - +/-<br>- +<br>+/- +/-<br>- - +<br>- +/- +/-<br>- +/- +<br>+/- +/- +/-<br>- - +/- +<br>- +/- +/- +/-<br>- - + +<br>- +/- +/- +<br>+/- +/- +/- +/-<br>- - - +/- +<br>- - +/- +/- +/-<br>- - - + +<br>- - +/- +/- +<br>- +/- +/- +/- +/-<br>- - +/- + +<br>- +/- +/- +/- + | +/- +<br>- + +<br>+/- +/- +<br>- +/- +<br>+/- +/- +/- +<br>- + + +<br>+/- +/- + +<br>- - + + +<br>- +/- +/- + +<br>+/- +/- +/- +/- +<br>- +/- + + +<br>+/- +/- +/- + +<br>- + + + +<br>- +/- +/- + + + | + +<br>+/- + +<br>+ + +<br>+/- + + +<br>+ + + +<br>+/- + + + +<br>+ + + + + |
| माथिको तालिकाबाट पनि सूचकले पाउनु पर्ने अंक निर्धारण गर्न सकिएन भने, निम्न २ तरिका अपनाउने :<br>१ + लाई +/- +/- बराबर मान्ने ।<br>२ कति दिने भन्ने शंका लागेमा न्यूनतम अंक वा चिन्ह दिने । | | | | |

## नमूना नतीजा : माकुरी जालोको चित्र :

## (Spider Diagram)




जि.वि.स. ......... : प्राप्तांक

| क्षेत्र | अंक (आ.व......) | अंक (आ.व....) |
|---|---|---|
| स्थानीय निकायको नीतिमा लैङ्गिक विकास | | |
| लैङ्गिक उत्तरदायी कार्यक्रम | | |
| आन्तरिक संरचना | | |
| मानव संसाधन, सम्बन्ध विस्तार तथा नेपाल सरकारका प्रतिवद्धताहरु | | |

# प्रतिवेदनको ढाँचा

## सबल पक्ष र सुधार गर्नु पर्ने पक्षहरु

१. स्थानीय निकायको नीतिमा लैङ्गिक विकास

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| ▪ | ▪ |
| ▪ | ▪ |

२. लैङ्गिक उत्तरदायी कार्यक्रम

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| ▪ | ▪ |
| ▪ | ▪ |

३. आन्तरिक संरचना

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| ▪ | ▪ |
| ▪ | ▪ |

४. मानव संसाधन तथा सम्बन्ध विस्तार तथा नेपाल सरकारका प्रतिवद्धताहरु

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| ▪ | ▪ |
| ▪ | ▪ |

## २. अनुसूची ७ को छलफलबाट आएका प्रमुख प्राप्तिहरु (Major Findings)

### १. स्थानीय निकायको नीतिमा लैङ्गिक विकास

१.१ स्थानीय निकायको नीति र योजनामा लैङ्गिक विकास (अलग्गै, आवधिक र वार्षिक योजनामा)
१.२ महिला पुरुष समविकास र कर्मचारी/पदाधिकारी
१.३ लैङ्गिक विकासको लागि बजेट
१.४ निर्णय प्रकृयामा महिला पुरुष
१.५ महिला संवेदनशील कार्य प्रणाली

### २. लैंङ्गिक उत्तरदायी कार्यक्रम

२.१ कार्यक्रम तर्जुमा गर्दा लक्षित समूहको सहभागिता
२.२ महिला उत्थानका लागि  कार्यक्रमहरु
२.३ स्थानीय स्वायत्त शासन ऐनमा भएका प्रावधान अनुसारका कार्यक्रमहरु
२.४ योजना तर्जुमा र कार्यान्वयनमा लैङ्गिक विकास
२.५ अनुगमन र मूल्याङ्कन

### ३. आन्तरिक संरचना

३.१ स्थानीय निकायमा महिला सदस्य मनोनयन र सहभागिता
३.२ वित्त तथा लेखा व्यवस्थापन
३.३ आर्थिक व्यवस्थापन
३.४ पारदर्शिता
३.५ सूचना व्यवस्थापन

### ४. मानव संसाधन, सम्बन्ध विस्तार तथा नेपाल सरकारका प्रतिवद्धताहरु

४.१ मानव संसाधन व्यवस्थापन
४.२ संबन्ध विस्तार
४.३ व्यावहारिक र रणनीतिक आवश्यकता परिपूर्ति
४.४ नेपाल सरकारका लैङ्गिक विकासका नीति र प्रतिवद्धताहरुको कार्यान्वयन
४.५ महिला विरुद्ध हुने सबै खाले हिंसा निर्मूल पार्ने

## ३.	लैङ्गिक मूलप्रवाहीकरण कार्य योजना

उपर्युक्त लैङ्गिक पक्षबाट स्थानीय निकायको क्षमता अभिवृद्धिको विश्लेषण गर्दा प्राप्त भएका सुधार गर्नु पर्ने पक्षहरुलाई समेटेर निम्न अनुसारको फारममा छुट्टा छुट्टै कार्ययोजना वनाउने र त्यसलाई कार्यान्वयन गर्न रणनीति तय गर्ने ।

१. स्थानीय निकायको नीतिमा लैङ्गिक विकास

| उद्देश्यहरु | क्रियाकलापहरु | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

२. लैंगिक उत्तरदायी कार्यक्रम

| उद्देश्यहरु | क्रियाकलापहरु | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

३. आन्तरिक संरचना

| उद्देश्यहरु | क्रियाकलापहरु | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

४. मानव संसाधन, सम्बन्ध विस्तार तथा नेपाल सरकारका  प्रतिवद्धताहरु

| उद्देश्यहरु | क्रियाकलापहरु | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

## लैङ्गिक हिसाबबाट बजेटको बाँडफाँड (विगत ३ वर्षको )

| कृयाकलाप | आ.व. ……… | आ.व. ……… | आ.व. ……… |
|---|---|---|---|
| १. स्वास्थः<br>१.१ महिलाको प्रजनन स्वास्थ सुधार गर्ने<br>१.२ महिला केन्द्रित स्वास्थ शिविरहरु राखने<br>१.३ मातृ मृत्युदर घटाउने | | | |
| २. शिक्षाः<br>२.१ महिला केन्द्रित शिक्षाको बजेट<br>२.२ विद्यालय छोडेका बाल बालिकाहरुको लागि बजेट | | | |
| ३ महिला विरुद्द हिंसा निर्मूल गर्ने :<br>३.१ महिलाहिंसा विरुद्धका कानूनी प्रावधानहरु बारे तालिम<br>३.२ पारालिगल समिति गठन र हिंसा निर्मूल गर्ने | | | |
| ४. महिला, दलित र आदिवासी जनजातिहरुको क्षमता विकास :<br>४.१ महिला प्राविधिकहरु तयार गर्नका लागि तालिमहरु संचालन गर्ने<br>४.२ महिलाहरु केन्द्रित आयमूलक कार्य गर्ने<br>४.३ दलित केन्द्रित कार्यकम गर्ने र प्राविधिकहरु तयार गर्ने तालिम<br>४.४ जनजाति केन्द्रित कार्यकम गर्ने र प्राविधिकहरु तयार गर्ने तालिम | | | |
| ५. खानेपानी तथा सरसफाइ :<br>५.१ खानेपानीमा खर्च भएको बजेट<br>५.६ सरसफाइमा खर्च भएको बजेट<br>५.७ भौतिक पूर्वाधारमा खर्च भएको बजेट | | | |
| जम्मा बजेटः : | | | |

अनुसूची ९

## कार्यक्रमको कार्यक्षेत्र महिला उत्थानका लागि सञ्चालित कार्यक्रमहरू

| कार्यक्रम | सञ्चालित गाउँ विकास समिति, नगरपालिका | स्वीकृत बजेट | यथार्थ खर्च | स्वीकृत बजेटको तुलनामा यथार्थ खर्चको प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |